# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



बोधिज्ञान लाभ गर्नुभएपछि राजा बिम्बिसारको निमन्त्रणा स्वीकार गर्नुभई प्रथम पटक भिक्षुसंघ सहित मगध देशमा पाल्नुभएका भगवान् बुद्धलाई सहर्ष स्वागत गर्दै राजा बिम्बिसार

वर्षः ४१, अङ्कः ९

बु.सं. २५६७, योमरी पुन्हि

## धर्मकीर्ति विहार बिस्तारित भवन निर्माणार्थ रू. ५०,०००/- वा सो भन्दा बढी चन्दा दिने दाताहरूलाई साधुवादपत्र प्रदान कार्यक्रमका झलकहरू



ओवाद दिनुहुँदै धम्मवती गुरुमां



साधुवादपत्र ग्रहण गर्नुहुँदै दाता



धम्मवती प्रतिमा प्रदान गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां

## धम्मवती धम्म प्रशिक्षण कार्यक्रम शुभारम्भ



धम्मवती धम्म प्रशिक्षण सञ्चालन गर्ने सिलसिलामा श्रद्धेय गुरुमां धम्मवती





धम्मवती धम्म प्रशिक्षण कार्यक्रममा सहभागी गुरुमांहरू

## धर्मकीर्ति विहार परियत्ति केन्द्रबाट विद्यार्थीहरूलाई काभ्रे जिल्लामा अवस्थित नमोबुद्धमा शैक्षिक भ्रमण



नमोबुद्ध चैत्यमा बुद्धपूजा गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू



धर्मदेशना गर्नुहुँदै वीर्यवती गुरुमां



नमो बुद्धमा धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट लगिएको शैक्षिक भ्रमणमा सहभागी विद्यार्थीहरूका साथ आयोजक परिवार

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६७

नेपाल सम्बत् ११४४

इस्वी सम्बत् २०२३

बिक्रम सम्बत् २०८०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |



DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**26th DECEMBER 2023**

| वर्ष- ४१ | अङ्क- ९ | योमरी पुन्हि | पुस २०८० |
|---|---|---|---|





**सुखकामानि भूतानि - यो दण्डेन विहिंसति**
**अत्तनो सुख मेसानो - पेच्च सो न लभते सुखं**

**थ:गु सुखया कारणे, सुख इच्छा याइपिं प्राणीपिन्त दण्ड प्रहार या:म्हसित लिपा सुख जुईमखु ।**

**आफ्नो सुखको लागि सुखकामी प्राणीलाई जसले दण्डद्वारा हिंसा गर्छ, पीडा दिन्छ, त्यसले मरेपछि पनि परलोकमा सुख पाउँदैन ।**

He who seeking his own happiness, punishes beings who also long for happiness, will not find happiness after death.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय "मगधमा पुनरागमन" | – स.ना.गो., अनु. वीर्यवती गुरुमां | २ |
| ३) | सम्पादकीय- असल चरित्र आजको आवश्यकता | – | ३ |
| ४) | सदां लुमंकातय् | – भरतराज चित्रकार | ४ |
| ५) | सम्राट अशोक–२ | – आचार्य भिक्षु अमृतानन्द | ५ |
| ६) | स्नेही छोरी–१३ "कठिन निर्णय" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ८ |
| ७) | किंदद सूत्रया छगू अध्ययन | – कुसलज्ञाणी गुरुमां | १२ |
| ८) | वनेमानि छकः सकलें | – नातीकाजी महर्जन | १४ |
| ९) | एहिपस्सिको बुद्ध विहार | – विद्याकुमारी बज्राचार्य | १४ |
| १०) | जहाँ मातापिताको बसोबास छ | – प्रेमलक्ष्मी तुलाधर | १७ |
| ११) | धर्मकीर्ति समाचार | – | १८ |
| १२) | लोक वर्ग | – सत्यमोहन जोशी | २४ |


*आवरण चित्र परिचय*

# मगधमा पुनरागमन

**– आचार्य सत्यनारायण गोयन्का**

**अनुवादः वीर्यवती**

सिद्धार्थ कुमार (भविष्यका भगवान् बुद्ध) ले सम्यक सम्बोधि प्राप्त गरी सम्यक सम्बुद्ध भइसकेपछि राजगृहमा अवश्य आउनेछु भनी मगध नरशे बिम्बिसारलाई वचन दिनुभएको यियो। त्यसैले बुद्ध हुनुभएपछि उहाँ १,००३ जना शिष्यहरूका साथ राजगृह पुग्नुभयो। भगवान् बुद्ध आउनुभएको सूचना पाउने बित्तिकै राजा बिम्बिसार बहुसंख्यक प्रजागण बटुली उहाँलाई स्वागत गर्न आए।

मगध राजनगरीमा उरुबेल काश्यपका साथै उनका श्रद्धालु भक्तजनहरू पनि थिए। ती भक्तहरूको मनमा श्रमण गौतम उरुबेल काश्यपका शिष्य हुनुहुन्छ वा उरुबेल काश्यपले आफ्नो मन परिवर्तन गरी श्रमण गौतमको शिष्य बने भन्ने विषयमा ठीक जानकारी पाउन नसकी अन्यौलमा परिरहेका थिए। उनीहरूको मनमा उठिरहेको शंका निवारण गर्नको लागि भगवान् बुद्धले उरुवेल काश्यपलाई यस भ्रम निवारणका लागि प्रश्न गर्नुभयो। उरुवेल काश्यपले भगवान् बुद्ध समक्ष वन्दना गरी भन्यो– "म भगवान् बुद्धको शिष्य हुँ।" यही सिलसिलामा उनले भन्यो।

"म गृहस्थ जीवनको कामभोग त्याग गरी सन्यासी भएँ। तर मेरो मनमा जरा गाडिरहेको काम वासनालाई भने निकाल्न सकिन। त्यसैले मैले मरणोपरान्त स्वर्गमा जन्म लिई कामभोगको प्रवल इच्छा पूरा गर्नको लागि कामेष्टि यज्ञ गरें। जब भगवान् बुद्धको सम्पर्कमा आएँ, तब उहाँबाट शिक्षा सिकी मैले कामराग मात्र होइन राग, द्वेष, मोह र अहंकार आदि सबै अविद्यालाई नाश गरें। त्यसैले उहाँ भगवान् बुद्ध नै मेरा परम कृपालु शास्ता (गुरु) हुनुहुन्छ। म उहाँको महाकृतज्ञ शिष्य हुँ। उहाँकै कृपाबाट शील, समाधि र प्रज्ञामा स्थित रही ठीक तरिकाले स्थित प्रज्ञ भई म अरहन्त हुन सफल भएँ। अब कामेष्टि यज्ञको आशा मेरो मनबाट हराए। यसरी काम सम्बन्धी सबै कामनाहरू विलिन भएर गए।

काम भोग प्रति कुनै स्पृहा रहेन। अब न आफूप्रति अहंकार बाँकी छ, न आफ्ना भक्तजनहरू प्रति ममकार नै बाँकी छ। म र मेरो भन्ने भावनाबाट उत्पन्न हुने सबै अशान्ति नाश भएर गए। शान्तिमधिगच्छतिको अवस्था प्राप्त भयो। त्यसैले त स्थितप्रज्ञा र अरहन्त हुने साँचो अनुभव प्राप्त गर्न सकें।

आफ्ना प्रजागण सहित राजा बिम्बिसारले पनि उनीहरूको राज्यमा प्रसिद्धि पाइराखेका पूज्य उरुवेल काश्यपले भगवान् बुद्धबाट शिक्षा प्राप्त गरी अरहन्त हुन सफल भएको कुरा थाहा पाए। *(क्रमशः पेज ४ मा)*

## ▪ सम्पादकीय ▪

# असल चरित्र आजको आवश्यकता

इमान्दार, नैतिकवान्, चरित्रवान् र असल बानी व्यवहार भएको व्यक्तिबाट आफ्नो परिवार, समाज र देशलाई सहज एवं शान्तपूर्ण वातावरण फैलाइरहेको हुन्छ। यस्तो व्यक्तिमा आफ्नो नीजि स्वार्थपूर्तिको लागि अरूलाई बाधा अड्चन पुऱ्याउने र दुःख दिने नियत हुँदैन। यस्तो व्यक्तिले त समस्यामा परेका प्राणी, परिवारका सदस्य लगायत साथीभाई र नाता कुटुम्ब समेतलाई आफूले सक्दो सहयोग गरी मानवीय कर्तव्य पालन गर्न चुक्दैनन्। सहयोग गर्न नसके आफ्नो तर्फबाट कसैलाई बाधा अड्चन र हानी पुग्ने कार्य कदापि गर्दैनन्। आजको समाजलाई यस्तै आदर्शवान् व्यक्तिहरूको खाँचो रहेको छ। यस्ता असल चरित्रवान् व्यक्ति बनी पुण्य सञ्चय गर्नका लागि भगवान् बुद्धले यी ५ प्रकारका प्राकृतिक नियमहरू पालन गर्न सल्लाह दिनुभएको छ।

**१) हिंसायुक्त अत्याचारी कार्य नगरौं –**

आफ्नो स्वार्थपूर्ति गर्नको लागि कुनै पनि समुदाय, परिवार, समाज र देश आदि क्षेत्रहरूमा हिंसायुक्त अत्याचारी कार्यहरूबाट अलग्ग रहने। किनभने स्वतन्त्रपूर्वक बाँच्न पाउन हरेक प्राणीलाई प्रकृतीले अधिकार दिएको छ। एउटा सानो कीरा देखि लिएर एक मानिसलाई पनि मरण भय देखेर डर हुन्छ। त्यसैले निर्दोष प्राणीहरूको बाँच्ने अधिकार छिन्ने कार्य कसैको लागि पनि हितकर हुँदैन।

एकजना हत्याराको कारणले समाजमा कति अशान्ति मच्चिन्छ। हामीलाई कसैले यस्तो दुःख दिन आएको मन पर्दैन भने अरूलाई पनि त यस्तो भय र दुःख मन पदैन होला नि भनेर एक असल व्यक्तिले आफैं महशूस गर्न सक्छ। आफूलाई प्राण हरण गर्ने अवस्थामा मन कति विचलित हुन्छ, अरूलाई हामीले प्राण हरण गर्दा पनि ऊ त्यति नै बिचलित हुन्छ। यो भनिरहनुपर्ने विषय होइन। सबै प्राणीलाई आफू समान ठान्नु नै एक आदर्शमय व्यक्तिको बानी व्यवहार हो। यस्तो आदर्शमय चरित्रवान् व्यक्तिहरूको बाहुल्यता भएको समाज, देश, परिवारमा शान्तिपूर्ण स्वर्गको सुख अनुभव गर्न पाउने हुन्छ।

**२) आफ्नो स्वार्थ पूर्तिको लागि अरूको अधिनमा रहेको भौतिक सम्पत्ति हरण नगरौं –**

हामीले आफ्नो स्वार्थपूर्तिको लागि अरूको अधिनमा रहेको कुनै पनि चल अचल सम्पत्ति जवर दस्ती वा चोरी, लुटेर लिनु जघन्य अपराध हो। आफ्नो केही सामान हराउँदा आफूलाई कति चोट पुग्छ, दुःख लाग्छ, त्यसरी नै अरूको धन सम्पत्ति चोरेर भ्रष्टाचार गरेर हडप्ने कार्यले उनीहरूको मनमा त्यति नै चोट र दुःख पुग्ने छ। अरूलाई दिएको दुःखको परिणाम प्रकृतीले बिस्तारै आफूमा थोपर्ने गर्छ दण्डको रूपमा। यी प्राकृतिक नियम हो। अरू कसैले नदेखे पनि प्रकृतीले देखिरहेको हुन्छ। त्यस्ता कुकर्म गर्ने व्यक्तिको मनले मानसिक सुख कदापि प्राप्त गर्न सक्दैन। यस्ता लोभी र छलकपटी व्यक्तिहरू नभएको समाज, परिवार र देशमा विश्वासले स्थान लिनेछ। जहाँ विश्वासको जग मजवूत हुन्छ, त्यहाँ शान्तिले ठाउँ लिनेछ। मरेर स्वर्ग जान पर्दैन। यहीं स्वर्ग रूपी संसार बन्नेछ।

३) व्यभिचार, बलात्कार जस्ता घृणीत कार्य नगरौं –

आजभोली काम मिथ्याचार भावनाले ग्रसित व्यक्तिहरूको कारणले कतिपय दम्पत्तिहरू बिच एक आपसमा अविश्वासको ठाउँ लिई स्वर्ग तुल्य गृहस्थ जीवन नर्कमा परिवर्तन भइरहेका छन्। त्यसरी नै बलात्कारका घटनाहरूले समाजलाई अशान्ति र दुषित पारिरहेको देखिन्छ। त्यतिमात्र होइन केही सम्पत्तिको लोभमा परी चेलीबेटी बेचबिखन जस्ता कुकर्म गरी कैयन दिदी-बहिनीहरूले नर्कतुल्य जीवन बिताउन बाध्य भइरहेका छन्। यस संसारमा जति पनि निन्दनिय कार्यहरू भइरहेका छन्, ती सबै अरूलाई आफूसमान ठान्न नसक्ने स्वार्थयुत्त लोभी र दूषित चित्तको कारणले हो। यसले गर्दा समाजमा विश्वासघातको स्थिति सृजना भइरहेका छन्। त्यसैले हामीले यस्ता घृणित कार्यहरूबाट अलग्ग रहनु हामी सबै आदर्शवान्

व्यक्तिहरूको कर्त्तव्य हो ।

**४) झूठो कुरा, चुकली कुरा, कडा मिजास र काम नलाग्ने बकवास कुराहरू गरी समय खेर नफालौं –**

आफ्नो नीजि स्वार्थपूर्तिको लागि अरूको जीवनमा हानी पुग्ने झूठो कुरा, चुकली, चापलुसी, कडा वचन प्रयोग गरी अरूको चित्त दुःखाउने र नचाहिंदा वेकारका बकवास गर्ने आदि कुवानीहरू भएका मानिसहरू जहाँ हुन्छन्, त्यहाँ एक आपसमा विश्वासघात, झैझगडा, कलह र अशान्ति एवं जघन्य अपराधहरू समेत हुन पुगिरहेका छन् । त्यसकारण यदि हामीमा पनि यी कुवानीहरू छन् भने यथाशीघ्र यी बानीहरूलाई त्याग्न अत्यावश्यक छ ।

**५) मन र शरीरलाई बेहोश पार्ने कुलतहरू एवं मद्यपान र लागु पदार्थ सेवन जस्ता कुवानीहरू त्यागौं** – क्षणिक सुखको लालचमा परी आफ्नो मन र शरीरलाई लठ्ठ पार्ने, वेहोश पार्ने खालका मद्यपान र लागु पदार्थ जस्ता अखाद्य पदार्थ सेवन गरी आफ्नो धनजन र शरीर नै सखाप पारी बिचल्लीमा परिरहेका ब्यक्तिहरू समाजमा यत्रतत्र देखिन्छन् । त्यतिमात्र होइन जुवातासको लतमा परी आफ्नो घरखेत नै सखाप पारी परिवारलाई दुःख दिने बानी भएका व्यक्तिहरू पनि नभएका होइनन् । यो पनि एक प्रकारको कुलतमा नै गनिन्छ ।

एउटा परिवारमा एकजना मात्र यस्तो कुबानी भएका व्यक्ति निस्कियो भने पनि उक्त परिवारका सबै सदस्यहरूलाई अशान्ति र बाधा पुगिरहेको हुन्छ । हाँसि-खुसी स्वर्ग तुल्य जीविका बिताइरहेका उक्त परिवार नर्क तुल्य हुन पुग्छ । एक चरित्रहीन व्यक्तिको कारणले सबैलाई अशान्ति र समस्याको स्थिति सृजना गरिदिन्छ । जुन कार्य परिवार, समाज र देशकै लागि पनि घातक सिद्ध हुन्छ ।

माथि उल्लेखित नराम्रा कार्यहरूबाट अलग्ग रहन सकेमा मात्र हामी एक चरित्रवान् र इमान्दार व्यक्ति बन्न सक्ने छौं । यही हामी सबैको प्रमुख कर्त्तव्य पनि हो । कर्त्तव्य पालन गर्नु नै धर्म पालन हो । त्यसैले कर्त्तव्य पालन गरी भाग्यमानी बनौं ।

भवतु सब्ब मंगलम् ।

*आवरण चित्र परिचयको बाँकी अंश ... ...*

राजा बिम्बिसारले भिक्षुसंघ सहित भगवान् बुद्धलाई निमन्त्रणा गऱ्यो । भोजन पश्चात् भगवान् बुद्धले राजा र राजपरिवार सहित त्यहाँ उपस्थित भएका दरवारियाहरूलाई धर्म उपदेश गर्नुभयो । राजा बिम्बिसारले भिक्षु संघ सहित भगवान् बुद्ध चिरकालसम्म राजगृहमा बसोबास गरुन् भन्ने इच्छा व्यक्त गरे । त्यसैले उनले अत्यन्त विनम्रतापूर्वक वेणुवनको मनोरम राज-उद्यान भगवान् बुद्धको लागि दान दिए । यसरी वेणुवन बुद्ध प्रमुख भिक्षु संघको लागि पहिलो विहार हुनगयो ।

यस विहारमा भगवान् बुद्धले दोस्रो वर्षावास बिताउनु भयो ।

**रागं विनयेथ मानुसेसु, दिब्बेसु कामेसु चापि भिक्खु ।**
**अतिक्कम्म भवं समेच्च धम्मं, सम्मा सो लोके परिब्बजेय्य ॥**

*- सुत्त निपात ३६३, सम्मा परिब्बाजनीयसुत्त ।*

जुन भिक्षुले मनुष्य लोकको काम भोग प्रति र स्वर्गलोकको काम भोग प्रतिको राग चेतनालाई त्याग गर्न सक्छ र धर्मलाई राम्ररी बुझी भव संसारबाट मुक्त हुन सक्छ, त्यसले संसारमा ठीक तरिकाले प्रव्रजित आचरण गर्न सक्नेछ । *(साभार- बुद्ध जीवन चित्रावली)*

# सदां लुमंकातय्

**– भरत राज चित्रकार**, *त्यःर, तंलाछि त्वा*

न छंगु नं जिगु
छुं हे मदु थन झीगु थःगु
सकतां त्वःता वनेय्मानिगु मथुयाः
नुगःलय् तृष्णां प्यपुना च्वंगु
मुंकुमुकुं अल्याख सम्पत्ति दःसानं
जिगु व छैगु धैच्वन हानं
यंकेगु मदु स्व छुं हे नापं
पाप व पुण्य जक खः थन
काइम्हेसिनं फयेगु जक याई
बिइम्हेसिया बिइगु हे जक
बियाः हे मन याउँके सदां झीसं
त्याग यानाः हे बियाबी छकः
क्वबीगु हे छाय् हानं भ्यातुक्क थम्हं
फुक्क थनंहे वाना वनेय्मानि
मृत्यु लिपा कुताःलय् क्वातुक्क चिनाः
दीपय् छन्हुला यंकिईहे तिनि



# सम्राट अशोक–२

✍ आचार्य भिक्षु अमृतानन्द

सिंहासनारूढ भएदेखि अशोक राजालाई प्राकृतिक रूपले अनेक अलौकिक प्रभाव उपलब्ध भयो । एकदिन कल्पायुसम्म आयु हुने नागराजालाई लिन पठाई बुद्धरूप बनाई देखाउ भनी आज्ञा दिए । नागराजाले ३२ लक्षणले युक्त बुद्धरूप निर्माण गरी देखाए । राजाले त्यस रूपलाई हेरी एकहप्तासम्म नेत्रपूजा गरे । (सम. पा. I. पृ. ३७ बाहिरनिदानकथा)

राज्याभिषेक भएको ३ वर्षसम्म अशोक राजाले आफ्नापिता बिन्दुसारले झैं पाखण्ड आजीवकहरूलाई नै मानिरहे[1] । चौथो वर्षदेखि बुद्धधर्म माथि प्रसन्न भई बुद्धधर्म मान्नथाले । बुद्धधर्म माने पनि दानप्रदान चाहिं सबैलाई गर्दथे । (सम. पा. I. पृ. ३८)

निग्रोध (-न्यग्रोध) श्रामणेरलाई भेटेपछि मात्र अशोकले बुद्धधर्म ग्रहण गरेका हुन् । निग्रोध श्रामणेर अशोकका दाजु सुमन राजकुमारका छोरा हुन् । (सम. पा. I. पृ. ३९) अशोक राजाले पाटलिपुत्रमा 'अशोकाराम'[2] महास्थविर बनाई ६० हजार भिक्षुहरूलाई भोजन दान दिएका थिए । जम्बुद्वीपका ८४ हजार नगरमा ८४ हजार विहारहरू र ८४ हजार चैत्यहरू स्थापना गरेका थिए । यो निर्माण कार्यको भार महान ऋद्धिवान् इन्दगुत्त (इन्द्रगुप्त) स्थविरलाई दिएका थिए । सबै निर्माणकार्य तीन वर्षमा पुरा भएको थियो । (सम. पा. I. पृ. ४२ बाहिरनिदानकथा) यसरी विहारहरू बनाइसक्दा जम्बुद्वीपमा लाखौं लाख भिक्षु भिक्षुणीहरू थिए भनी सम. पा. I. पृ. ४३ ले समुल्लेख गरेको छ ।

अत्यन्त प्रफुल्लित भएका राजाले एकदिन भिक्षुसंघसँग यस्तो सोधे– "भन्तेसंघ ! दसबल शास्ताको धर्मको निमित्त यसरी धन खर्च गर्ने अरू पनि छन् के ?"

यसको उत्तरदिने अभिभारा संघले मोग्गलिपुत्त तिस्स (-मौद्गलिपुत्र तिष्य) स्थविरिलाई दियो । अनि वहाँले भन्नुभयो– "महाराज ! तपाईं जस्तो धन समर्पण गर्ने व्यक्ति बुद्धको पालामा पनि कोही थिएनन् ।"

अनि अशोक राजाको मनमा "त्यसो भए म भगवान्को अंशभागी भएको रहेछु कि रहेन छु" भन्ने लागेपछि भिक्षुसंघसँग प्रश्न सोधे । मोग्गलिपुत्त तिस्स स्थविरले त्यस सभामा बसिरहेका महेन्द्रको पुण्य प्रभावलाई देखि यदि यी राजकुमार बुद्धशासनमा प्रव्रजित भएका खण्डमा बुद्ध धर्मको ठूलो अभिवृद्धि हुने छ भन्ने कुरा बुझ्नुलाई राजालाई यसो भन्नुभयो–

"महाराज ! यत्तिकैले बुद्धशासनको अंशभागी हुन सकिन्न । अहिले तपाईं वस्तुदान गर्ने एक उपस्थापक मात्र हुनुभयो ।"

यो सुनेर राजाले "भन्ते ! त्यसोभए बुद्ध शासनको अंशभागी हुन सकुँला त ?"

"महाराज ! धनीहोस् वा गरीब, जसले आफ्नो सन्तानलाई बुद्धशासनमा प्रव्रजित गराउँछ, ऊ बुद्ध शासनको अंशभागी हुनसक्छ ।"

यो सुनेर राजाले "यत्तिका धन खर्च गरेर पनि बुद्ध शासनको अंशभागी हुन सकेको रहेन छु । जसरी भए पनि बुद्ध शासनको अंश भागी हुन सक्नु पर्‍यो" भन्ने मनमा लिई यता उता हेर्दा नजिकमा बसिरहेका महेन्द्रलाई देखे । यद्यपि तिस्स (-तिष्य) उपराज प्रव्रजित भएदेखि महेन्द्रलाई उपराजा बनाउन चाहन्थे । अनि राजाले उपराजपद भन्दा त प्रव्रज्या नै श्रेष्ठ छ भन्ने ठानी राजकुमारसँग "सक्छौ के राजकुमार प्रव्रजित हुन ?" भनी सोधे । तिस्स कुमार प्रव्रजित भएदेखि महेन्द्र पनि प्रव्रजित हुन चाहन्थे । त्यसैले अति प्रसन्न भई "बुबा ! सक्छु । मलाई प्रव्रजित गराउनुभई तपाईं बुद्ध शासनको अंशभागी बन्नुहोस् ।"

१. दिव्यावदान पृ. २३३-३४ मा उल्लेख भए अनुसार बिन्दुसारका गुरु पिंगलवत्साजीव परिव्राजक थिए ।

२. दिव्यावदान पृ. २३६ मा भने 'कुर्कुटाराम' भनी उल्लेख भएको छ ।

भनी उत्तर दिए ।

त्यस बखत राजाकी छोरी संघमित्ता (-संघमित्रा) पनि उहीं थिइन् । अनि राजाले उनीसँग पनि "तिमी पनि प्रव्रजित हुन सक्छौ के ?" भनि सोद्धा उनले सहर्ष स्वीकृति दिइन् । उनको पनि अग्गिब्रह्मा अघि नै तिस्स उपराजसँग प्रव्रजित भइसकेका थिए । (सम. पा. I. पृ. ४३-४४ बाहिर निदान कथा) संघमित्ताको सुमन भन्ने एउटा छोरा थिए । यी कुमार पनि अघि नै प्रव्रजित भइसकेका थिए । त्यसैले महा बं. टी. १८५ पञ्चम परिच्छेदमा यस्तो उल्लेख भएको –

**"तस्सा तस्स सुतो चा पि, सुमनो नाम नामतो ।**
**याचित्वा सो पि राजानं, उपराजेन पब्बजि ।"**

अर्थात्- संघमित्ता र उनका पति अग्गिब्रह्माहरूको तरफबाट भएका सुमन भन्ने कुमार पनि राजाको वचनलिई उपराजा हुने राजाको साखै भाइ प्रव्रजित भएको बेलामै सुमन कुमार पनि प्रव्रजित भएका थिए ।"

यस बखत सुमन कुमारको आयु ७ वर्षको थियो भनी डा. मललसेकरले आफ्नो D.P.P. II. पृ.१२४१ मा उल्लेख गरेका छन् । यो घटना घटेको समय अशोक राजाको राज्यकालको चौथो वर्षमा हो । (महा.वं.टी.पृ. १८६)

अशोकको राज्यकालको चौथो वर्षमा तिस्स उपराजा योनक महाधम्मरक्खित (-योनक महा धर्मरक्षित) स्थविर प्रति प्रसन्न भई बडो मुश्किलले राजाको अनुमति लिई अशोकाराममा गई धम्मरक्खित स्थविर कहाँ प्रव्रजित भएका थिए । राजाका जुवाईं अग्गिब्रह्मा पनि त्यसै बखत प्रव्रजित भएका थिए ।(सम.पा.I. पृ. ४८; महा.वं.टी. पृ. १८४-८५) महेन्द्र र संघमित्ता प्रव्रजित हुँदा अशोकको राज्याभिषेकको छैठौं वर्ष भएको थियो । (सम.पा.I. पृ. ४५)

जब अशोक राजाको राज्यकालमा बौद्ध भिक्षुहरूको मानसत्कार निकै बढ्न थाल्यो तब अन्य तीर्थिय साधु सन्यासीहरू भकाभक आफै चीवर पहिरी भिक्षुसंघमा घुस्न थाले । बुद्धधर्मको सिद्धान्तलाई वास्ता नराखी उनीहरू आ-आफ्ना विश्वास र सम्प्रदाय अनुसार नै कसैले अग्निहोत्र, कसैले पञ्चाग्निताप, कसैले सूर्यको मुख हेरी ब्रत पालन गर्थे । यसरी भिक्षुसंघमा मलिनता उत्पन्न भएपछि साँच्चैकै भिक्षुहरूले उनीहरूसँग ७ वर्षसम्म उपोसथ (भिक्षुहरूले प्रत्येक दुई हप्तामा गर्नुपर्ने प्रातिमोक्ष शिक्षा पढ्ने काम) र पवारणा (-वर्षावास सिद्धिएपछि गर्नुपर्ने विनयकार्य) गरेनन् । (सम. पा. I. पृ. ४६; महा. वं. टी. पृ. १९६ पञ्चम परिच्छेद)

यो कुरा थाहा पाएपछि राजाले केही मन्त्रीहरूलाई "भिक्षुहरूलाई भेला गराई उपोसथ गर्न लगाई मेलमिलाप गराऊ" भनी आज्ञा दिए । ती मूर्ख मन्त्रीहरूले उपोसथ गर्न नमान्ने भिक्षुहरूलाई चटाचट् काटे । जब राजाको सहोदर तिस्स स्थविरलाई देखे तब उनीहरू डराएर अकमक्क भई राजासँग के गर्ने भनी सोद्धा राजालाई अत्यन्त डाहा भयो । अब यो पाप कसलाई लाग्ने होला भन्ने शंका उत्पन्न भएपछि सो शंका निवारण गर्नको निमित्त राजाले मोग्गलिपुत्त तिस्स स्थविरका उपाध्याय सिग्गव महास्थविर परलोक भइसकेको हुँदा धर्म-विनयमा पोख्त, अरहत् तथा अभिज्ञालाभी हुनु भएका अहोगंगापर्वतमा बसिरहनु भएका मोग्गलिपुत्त तिस्स स्थविरलाई निम्तो सहित लिन पठाए ।

स्थविर आउनु भए पछि राजाले स्वयं आफ्नै हातले स्थविरको पाउ धोई, तेल घसी आफ्नो उद्यानमा लगी "मेरो मनको शंकालाई निवारण गर्न समर्थ हुनु हुन्छ कि हुनु हुन्न" भन्ने परीक्षा गर्नको निमित्त राजाले "भन्ते ! म एउटा प्रातिहार्य हेर्न चाहन्छु" भनी निवेदन गरे ।

"महाराज ! कस्तो प्रातिहार्य हेर्न चाहनु हुन्छ ?"

"भन्ते ! पृथ्वी कम्पन हुने प्रातिहार्य हेर्न चाहन्छु ।"

"महाराज ! सबै पृथ्वी कम्पन हुने प्रातिहार्य कि आंशिक कम्पन हुने ?"

"भन्ते ! यी मध्ये कुनचाहिं कठिन छ ?"

"महाराज ! कुनै भाँडामा राखेको सबै पानी चलाउनु कठिन छ कि केही भाग पानी चलाउन कठिन छ ?"

भन्ते ! केही भाग पानी चलाउनु कठिन छ ।"

"महाराज ! पृथ्वी पनि आंशिक रूपले हल्लाउन कठिन छ ।"

"भन्ते ! त्यसोभए आंशिक पृथ्वी हल्लिने प्रातिहार्य हेर्न चाहन्छु ।"

"महाराज ! त्यसोभए एकएक योजनको सिमाना छुट्याई पूर्वदिशाको सिमानामा रथ राख्नु होस्, दक्षिणदिशाको सिमानामा एउटा घोडा राख्नुहोस्, पश्चिमदिशाको सिमानामा एकजना मानिसलाई उभ्याउनु होस् र उत्तरदिशाको सिमानमा एउटा भरी पानी भएको

कराई राख्नु होस ।"

राजाले त्यस्तै गर्न लगाए । अनि अभिज्ञापादक चतुर्थध्यानमा बस्नुभई त्यसबाट उठी "राजाले देखुन्" भनी योजन प्रमाण मात्र पृथ्वी कम्पन होस् भनी महास्थविरले अधिष्ठान् (-प्रतिज्ञा) गर्नुभयो ।

पूर्वदिशाको सिमाना भित्रपर्ने रथको आधा भाग हल्लियो बाहिरको आधा भाग हल्लिएन । दक्षिण दिशाको सिमानाभित्र रहेको घोडाको आधा आँग हल्लियो बाहिरको आधा भाग हल्लिएन । पश्चिम दिशाको सिमानामा उभिएको मानिसको एउटा खुट्टा हल्लियो अर्को खुट्टा चाहिं हल्लिएन । उत्तरदिशाको सिमानामा राखेको पानीको कराईको आधा पानी हल्लियो आधा हल्लिएन ।

यस्तो प्रातिहार्य देखेपछि राजाको मनमा "वहाँ मेरो मनको शंका निवारण गर्न सक्षम हुनुहुन्छ" भन्ने ठानी वहाँसँग आफ्नो मनमा लागिरहेको शंका अभिव्यक्त गर्नुभयो । अनि स्थविरले अं. नि.-६ पृ. १२० मा उल्लिखित निब्बेधिक सूत्रको कुरा सुनाउनु हुँदै – "चेतनाहं, भिक्खवे, कम्मं वदामि । चेतयित्वा कम्मं करोतिकायेन, वाचाय, मनसा'ति" भन्ने कुरा सुनाउनु भयो । अर्थात्- भिक्षु हो ! विपाक दिन सक्ने चेतनालाई नै म कर्म भन्दछु । मनमा सोचविचार गरेर मात्र काय, वाक् र चित्तले काम गर्छ । उदाहरणको निम्ति वहाँले ना.नं. ३१९ तित्तिरजातको कुरा पनि सुनाउनु भयो । यति कुरा सुनेपछि राजाको मनको शंका दूर भयो । (सम. पा. I. पृ. ४८-५१ बाहिर निदानकथा)

यसपछि राजालाई स्थविरले एक हप्तासम्म बुद्धधर्मको मूल सिद्धान्तका कुरा सिकाउनु भयो । त्यसपछि राजाले अशोकाराममा सबै भिक्षुहरूलाई भेला गराई आफू पर्दा भित्र बसी "भगवान् बुद्ध के वादी हुनुहुन्छ ?" भनी पर्दा बाहिरका भिक्षुहरूसँग प्रश्न सोधे ।

"बुद्ध भगवान् शाश्वतवादी, ... संज्ञीवादी, ... उच्छेदवादी, ... आदि" भनी उत्तर दिनेहरूलाई "यिनीहरू साँच्चै कै भिक्षुहरू होइनन्" भनी सेतो कपडा लगाउन लगाई पठाइ दिए । ज-जसले "भगवान् बुद्ध विभज्जवादी (-विभद्यवादी) अर्थात्- छुट्याई-छुट्याई विभाजन गरी बताउनु हुन्छ" भनी उत्तर दिए; उनीहरूको कुरा ठीक हो कि होइन भनी स्थविरसँग सोधी वहाँले 'ठीक हो' भनी भन्नुभए पछि उनीहरूलाई एक ठाउँमा भेला गराई उपोसथ गर्न लगाए । यसरी अशोक राजाले भिक्षु शासन शुद्धि गरे । (सम. पा. I. पृ. ५२-५३ बाहिर निदान कथा)

अशोकको राज्यकालको ३० औं वर्षमा उनकी प्रथम अग्रमहिंशी असन्धिमित्रा महारानीको देहान्त भयो । त्यसैले महा. वं. टी. पृ. ३७२ वीसति परिच्छेदले "पिय असन्धिमित्ता सा, मता सम्बुद्ध-मामिका" भनी उल्लेख गरेको हो । त्यसपछि ४ वर्षको समयमा राजाले तिस्सरक्खा[1] (-तिष्यरक्षा) लाई अग्रमहिषीको पदमा राखे । त्यसैले महा. वं. टी. पृ. ३७२ वीसति परिच्छेदले यस्तो उल्लेख गरेको–

**"ततो चतुत्थ धस्सम्हि, वम्मासोको महीपति ।**
**तिस्सारक्खं महेसित्ते, ठपेसी विसमासनं ॥"**

१. पालि साहित्यमा झैं दिव्यावदानमा पनि अशोकका धेरै अग्रमहिषीहरू पाइन्छन् । तिस्सरक्खालाई दिव्यावदान, कुणालावदान पृ. २६२ मा 'तिष्यरक्षिता' भनी उल्लेख भएको छ । अर्की महारानीको नाम पद्मावती हो । यिनको तरफबाट कुणाल भन्ने छोरा जन्मेको थियो । कुणाल भन्ने चराको जस्तै यिनको आँखा पनि अति राम्रो भएको ले यिनलाई 'कुणाल' भनिएको हो । उहीं. पृ. २६१ मा कुणालको आँखा अति राम्रो भएकोले तिष्यरक्षित उसप्रति आसक्त भएकी थिइन् । आफूले भने जस्तो नगरेकोले तिष्यरक्षिताले पछि कुणालको आँखा झिक्न लगाएकी थिइन् । उही. पृ. २६२ ।

*(क्रमशः अर्को अङ्कमा)*

## बुद्ध सम्वन्धी केही रोचक जानकारीहरू

**– सारिपुत्र महास्थविरमा तलका विशेषताहरू थिए –**

१) चार आर्यसत्यको व्याख्या गर्न सक्ने । २) रोगी सेवा गर्ने
३) करूणा र सहनशीलताबाट सम्पन्न । ४) विहारको सफाइ र रक्षा गर्ने
५) भाँडोमा पानी भर्ने ६) ओछ्यान मिलाउने ।

*- साभारः बौद्ध दर्पण*



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## १३. कठिन निर्णय

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

कलकत्ता एउटा महानगर हुनाकासाथै हिन्दुस्थान-बाट बर्मा जाने र बर्माबाट हिन्दुस्थान आउने एउटा मूलद्वार पनि हो । हिन्दुस्थानमा रहेका ऐतिहासिक बौद्ध-स्थलहरूको भ्रमण गर्न सयौंको समूहमा हिन्दुस्थानमा ओइरिने बर्मी तीर्थयात्रीहरूका सुविधाका लागि प्रत्येक ऐतिहासिक बौद्ध स्थलमा झैं कलकत्तामा पनि एउटा भव्य बर्मी विहार बनाइराखेको थियो । त्यो विहारको नाम धर्मशाला राखिएको थियो र साथै एउटा महानगर स्थित विहार भएको हुनाले त्यस विहारको प्रयोग पनि एउटा विहार भन्दा बढी एउटा धर्मशालाकै रूपमा हुने गरेको थियो । त्यो विहारमा बर्मी तीर्थयात्रीहरू नआउने बेलामा त्यहाँ अन्य सबै प्रकारका यात्रुहरूलाई पनि बास बस्न दिइन्थ्यो । त्यसैले त्यो विहारका सबै कोठाहरू प्रायः सधैं जसो यात्रुहरूद्वारा भरिएका हुने गरेका थिए ।

कलकत्तामा जाने बौद्धमार्गीहरू बस्ने दोश्रो स्थान महाबोधि सोसाइटीको धर्मशाला थियो । त्यो सबै प्रकारका यात्रुहरूलाई बासस्थान दिने हेतुले बनाइएको थियो । त्यसैले त्यहाँ पनि सितिमितीमा कोठा भेटाइन्न थियो ।

अनि यस्तै प्रकारको तेश्रो स्थान बंगाली विहार थियो । त्यो विहार स्थानीय बौद्धहरूद्वारा बनाइएको हुनाले धेरै कम विदेशीहरूलाई मात्र त्यसको जानकारी हुने गरेको थियो । साथै अबौद्धहरूलाई त्यहाँ बास बस्न दिइन्न थियो । त्यसैले अपर्झट कलकत्ता जाने बौद्धहरूलाई त्यहाँ प्राय सधैं बेला खालि कोठा सुरक्षित भइराखेको हुने गरेको थियो । त्यसैले स्थविर धम्मावुध त्यही विहारमा गएर बास बस्नु भएको थियो ।

कलकत्तास्थित नेपाली वाणिज्यदूतावासमा प्रत्यक्ष सम्पर्क राखेर धम्मवतीको लागि पासपोर्ट पाउने सम्बन्धमा आवश्यक कारवाही चलाउँदा के कुरा थाहा हुन आयो भने धम्मवती जस्तो १६ वर्षको उमेर पुरा नगरेका नाबालक-नाबालिकाहरूको नाममा छुट्टै पासपोर्ट बनाउने नियम रहेनछ । कुनै कारणवश त्यसरी पासपोर्ट बनाउनै परेमा अभिभावकको विशेष अनुरोध हुन अनिवार्य रहेछ । यी कानूनी कुराहरू स्पष्ट भएपछि धम्मवतीको लागि पासपोर्ट बनाउने काममा स्थविर धम्मावुधले झण्डै हरेस खान लाग्नुभएको थियो । तर त्यस सम्बन्धमा अन्य भिक्षुहरू, महाबोधि सोसाइटी र धर्मोदयसभाका कार्यकर्ताहरू तथा नेपाली र बर्मी वाणिज्यदूतावासका कर्मचारीहरू सबैसित व्यक्तिगत रूपमा राम्ररी छलफल गरेपछि, गृहत्यागेर अनगारिका भएको धम्मवतीको मामलामा अभिभावकको विशेष अनुरोधको सट्टामा कुनै एउटा धार्मिक संस्था या कुनै एक जना विशेष प्रतिष्ठित व्यक्तिको विशेष अनुरोधको आधारमा पनि पासपोर्ट बन्न सक्ने सम्भावना रहेछ भन्ने आशालाग्दो कुरो थाहा हुन आयो । त्यसैले जसरी भएपनि धम्मवतीको लागि पासपोर्ट पाउन आकाश-पाताल एक गरेर दौडधुप गर्नमा स्थविर धम्मावुध लाग्नु भयो । उहाँ प्रत्येक दिन भोजनको समय बाहेक अरूबेला दिनभर दिनभर कहिले कुन अड्डा त कहिले कुन संस्था धाउनमा लाग्नु हुन्थ्यो ।

आफ्नो कारण स्थविर धम्मावुधले त्यसरी दुःख पाइरहनु भएको देख्दा धम्मवती असमञ्जसमा परी । ऊ दिनभर बंगाली विहार भित्र बुद्धमूर्ति भएको कोठामा बसेर कहिले के कुराको प्रार्थना गर्नमा लागेकी हुन्थी त कहिले के कल्पनामा डुबेकी हुन्थी । बंगाली विहार भित्र बुद्ध प्रतिमा भएको कोठाको एक कुनामा बसेर ऊ एकदिन यसरी मनमा कुरा खेलाइरही–

"– म पनि साथीहरूसितै घर फर्कनु पर्ने रहेछ । मैले त्यो बेलामा चाहिने भन्दा बढी जिद्दी भएर स्थविरलाई नाहकमा यस्तो दुःख दिन पुगेछु । एउटा

पासपोर्ट पाउनमा पनि यति गाह्रो होला भन्ने कुरो मैले सोच्नै सकेनछु । जे हुनु भइगयो । अब मैले पछि सजिलै पासपोर्ट लिनसक्ने भएपछि मात्र बर्मा जाने गरेर अहिले नेपालमा नै फर्कनु पर्छ । अब फेरि पनि स्थविरलाई दुःख दिइरहनु हुँदैन ।"

– "स्थविरलाई दुःख भयो भनेर मैले बुद्ध-धर्म पढ्नै छोडेर घर फर्कने त ? बुद्ध-धर्म त मैले जसरी भए पनि पढ्नै पर्छ । मैले स्थविरलाई बुद्ध-धर्म पढ्न पाउन दुःख दिएको हुँ, आफ्नो कुनै निजी स्वार्थपूर्तिको लागि दुःख दिएको होइन । यसरी स्थविरले दुःख पाएको कसैको लागि होइन बुद्ध-शासनको लागि नै हो । एक जना भिक्षुले बुद्ध-शासनको लागि कुनै दुःख पाउनु त्यो त एउटा राम्रै कुरा हो । यसमा मैले किन अप्ठेरो मान्नुपर्छ र ?"

– "बुद्ध-धर्म पढ्न जानु राम्रै कुरा हो । तर राम्रो कुरो भन्दैमा अरूलाई दुःख दिएर नै गर्नु पर्ने के थियो त ? स्थविरलाई दुःख नदिइकन आफ्नै प्रयासले पो गर्नुसक्नु पर्छ ।"

– "आफ्नै प्रयासले गर्न सके त हुन्थ्यो नै । आफ्नो प्रयासले हुन नसक्ने काम भएपछि के गर्ने त ? चराको भैंं पखेटा भइदिएन । पखेटा भइदिएको भए त जति दुःख गर्नु परेपनि आफै उडेर जानु हुन्थ्यो । मानिस प्राणीहरूमध्ये सर्वश्रेष्ठ भनिन्छ । तर मानिसले आफ्नो स्वतन्त्रतालाई आफैले कुण्ठित पारिरहेको छ । प्रकृतिले यो देश र त्यो देश भनेर छुट्टा छुट्टै सृष्टी गरेको त थिएन । न त एक देश र अर्को देश बीचमा पर्खाल या खाडी नै बनाएको छ । तर मानिस स्वयंले सिंगो पृथ्वीलाई यो देश र त्यो देश भनेर विभाजन गरेर विभत्स पारेको छ । मानिसको यो कस्तो क्षुद्र स्वार्थ ? धिक्कार छ यो स्वार्थी मानिस जाति ।"

"पुरै मानिस जातिलाई नै किन धिकार्नु र ? ...

भगवान बुद्ध पनि एकजना मानिस नै हुनुहुन्छ । तर उहाँले मानव निर्मित सीमालाई कहिल्यै पनि वास्ता गर्नु भएको थिएन । उहाँले एउटा राज्यमा जन्म लिनुभयो । बुद्धत्व अर्कै राज्यमा पाउनुभयो । धम्मचक्क पवत्तन फेरि अर्कै देशमा गर्नुभयो । जीवनको अधिकांश समय अर्कै राज्यमा बिताउनुभयो । अनि अन्तमा महापरिनिर्वाण फेरि अर्कै देशमा पाउनु भयो । मानिसहरूको सेवाको लागि उहाँले कहिल्यै कुनै राज्य भित्र आफूलाई कुण्ठित पार्नु भएको थिएन । जसरी बुद्धले आफूलाई कहिल्यै कुनै एक देश, कुनै एक जाति, कुनै एक समूह आदि मानव निर्मित सीमा भित्र सिमित राख्नु भएको थिएन त्यसरी नै बुद्ध-धर्म पनि आजसम्म कुनै एक समूह कुनै एक जाति, कुनै एक राष्ट्र आदि मानव निर्मित सीमा भित्र सङ्कुचित नरहेर संसार भरका सबै मानिसका लागि खुल्ला रहेको छ । तर पनि संसारमा कतिपय मानिसले यस महानताबाट खास केही सिक्न सकेको छैन । तिनीहरू अनेक मानव निर्मित भेदभाव, सीमा, जाती, समूह आदि सङ्कीर्णता, क्षुद्रता, नीचतालाई नै अंगाली बसेका छन् । ती मानिसहरू आफै आफूमाथि अनेक बन्देज, अनेक छेकवार थपिरहेका छन् । ..."

यसरी मनमा कुरा खेलाइरहेकी धम्मवतीको ध्यान अकस्मात ऊ बसेको हल बाहिरको पेटीमा बसेर कुरा गरीरहेका दुईजना पञ्जाबीहरूमा पऱ्यो । तिनीहरू पनि बर्मा जाने सम्बन्धमा नै कुरा गरीरहेका थिए ।

ती दुई जना पञ्जाबीहरू मध्ये एक जना पञ्जाबी आफ्नो परिवार सहित त्यही विहारमा बसिरहेको थियो । अर्को पञ्जाबी चाहिं बाहिर कतैबाट आएर उसँग छलफल गर्न आएको थियो ।

ती दुवै जना पञ्जाबीहरू स्वतन्त्रता युद्ध भन्दा पहिले सपरिवार बर्मामा व्यापार गर्न बसेका थिए । युद्धताका आफ्नो सुरक्षाका लागि उनीहरू हिन्दुस्थान भित्रेका थिए । युद्धको वातावरण समाप्त भएपछि उनीहरू फेरि बर्मा जान लालायित भएका थिए । तर केही समय अघि मात्र ब्रिटिश साम्राज्यबाट मुक्त भएका बर्मा र हिन्दुस्थान, यी दुई देश बीचमा नागरिकहरूको आवत-जावत विषय तत्काल केही निश्चित व्यवस्था हुन पाएको थिएन । त्यसैले पासपोर्ट बनाउने र भिसा पाउने समस्याको कारण उनीहरू बर्मा जानबाट वञ्चित भइरहेका थिए । तर सकभर चाँडो बर्मा जानु उनीहरूका लागि अति जरूरी थियो । अविलम्व बर्मा जान पाउने एक मात्र उपाय आसाम र नागालायण्डको बाटो गरी पैदल बर्मा जानु थियो । उनीहरू त्यसरी पैदल जाने नै पक्षमा थिए । तर कुन बाटोबाट कसरी पैदल जाने भन्ने सम्बन्धमा उनीहरूले केही निधो गर्न सकिरहेको थिएन । उनीहरू त्यही विषयमा छलफल गरिरहेका थिए ।

ती पञ्जाबीहरूको कुरा गराइ सुन्दा धम्मवतीका लागि अन्धो के खोज्छ, आँखो भने भैंं भएको थियो ।

उसको दिमागमा पनि आसामको बाटो गरेर पैदल बर्मा जाने नयाँ विचार सलबलाउन थालेको थियो । त्यसैले उसले ती दुई जना पञ्जाबीहरूको प्रत्येक शब्दमा ध्यान दिएर सुन्न थाली । उनीहरूको कुरा सुन्दै जाँदा उसले थाहा पाई – पैदल बर्मा जाने बाटो साऱ्है नै दुष्कर र जोखिमपूर्ण रहेछ । जतिसुकै घुमेर गएतापनि दुर्गम पहाड र अनकन्टार जंगल छलेर जान सकिन्न रहेछ । बाटोमा हिंस्रक जीव-जन्तुको मात्र होइन अनेक रोग-व्याधिको पनि सामना गर्नु पर्ने रहेछ । परिवार सहित हिंड्न हुने सबैभन्दा सुगम बाटो गएमा करिब १५ दिन जतिको यात्रा पछि मात्र रंगून पुगिने रहेछ । छिटो पुग्ने दुर्गम बाटो गएमा पनि एक हप्ता त लाग्ने रहेछ । त्यसो हुँदा पछि फेरि कुनै अर्को झंझट सहन नपर्ने गरी एक हप्ता जति ढिलो पुग्ने भएपनि सपरिवार जानु श्रेयष्कर हुने रहेछ । तर त्यसरी सपरिवार पैदल हिंड्दा परिवारले पाउने दुःख देखि उनीहरू डराइरहेका थिए । परिवारलाई छोडेर जाँदा पनि परिवारले हिन्दुस्थानमा फेरि अर्कै खालको दुःख सहनु पर्ने सम्भावना रहेछ । उनीहरू आ-आफ्ना परिवार सहित जाने वा परिवार हिन्दुस्थानमा छोडेर जाने भन्ने दोधारमा परेर कुनै निष्कर्ष गर्न नसकेको कारण त्यसरी लामो छलफलमा फसिरहेका रहेछन् ।

ती पञ्जाबीहरूबाट पहिलो पल्ट पैदल पनि बर्मा जान सक्दो रहेछ भन्ने कुरा सुन्न पाउँदा धम्मवतीले के सोचेकी थिई भने उसले पनि स्थविर धम्मावुधलाई सम्झाएर उहाँसँगै पैदल बर्मा जानुपर्छ । तर ती पञ्जाबीहरू बीच भएका थप कुराहरू पनि सुन्दै गई– पैदल बर्मा जानु उसले सुरुमा चिताए झै सरल छैन, साऱ्है नै कठिन र जोखिमपूर्ण छ भन्ने कुरो थाहा पाएपछि धम्मवती फेरि गहिरो सोचमा परी । उसको मनमा अनायास कुरा उम्लन थाल्यो– "पैदल बर्मा जाने काम पासपोर्ट लिनमा धाउने दुःखभन्दा झन कठिन काम रहेछ । अनाहकमा स्थविरलाई त्यस्तो जंगलको बाटो हिंडाउन लगाउने काम गर्नुहुँदेन । पैदल बर्मा जाने कल्पनालाई सधैंको लागि त्यागेर पासपोर्ट पाउनमा नै धैर्य गरिरहनु उचित हुनेछ ।"

"– तर कति दिन, कति महिना धैर्य गरिरहने त त्यो पासपोर्ट पाउन ? झण्डै सात महिना पर्खिसकेको छु । अन्तमा उमेर नपुगेकाले जान पाइदैन भनियो । जाने नै भए अभिभावक या कुनै एकजना प्रतिष्ठित व्यक्तिको सिफारिस चाहिन्छ भनियो । भोलि त्यो सिफारिस भएपछि फेरि के चाहिन्छ भन्ने हो कसलाई के थाहा ? मेरो त उमेर पुगेको छैन, अभिभावक या प्रतिष्ठित व्यक्तिको सिफारिस नभएर पासपोर्ट बनेन रे ल । अनि यी पञ्जाबीहरूको पासपोर्ट किन बनेन त ? यिनीहरू त नाबालक छैन ? यो पासपोर्टको कुरो मृगमरीचिका मात्रै हो । बर्मा जाने नै भए यी पञ्जाबीहरू झै सकभर छिटो पैदल हिँडिहाल्नु श्रेयष्कर हुने रहेछ ।"

– "पैदल हिडिहाल्नु श्रेयष्कर भन्दैमा के गर्ने ? कसरी पैदल जाने ? कोसित जाने ? पैदल जानलाई साथ आइदिने उहाँ स्थविर मात्रै हुनुहुन्छ । उहाँलाई जानाजान त्यस्तो जोखिमपूर्ण बाटोमा कसरी तानेर लैजाने ? उहाँलाई त्यस्तो दुर्गम बाटोमा हिंडाउनु त ठूलो पाप नै हुनेछ ।"

– "स्थविरलाई दुःख पनि दिनु नपर्ने, छिटो बर्मा पनि पुग्ने पनि एउटा उपाय छ । त्यो उपाय यी पञ्जाबीहरूकै पछि लागेर जानु हो । यी पञ्जाबीहरू परिवार सहित जाने भएमा म पनि उनीहरूसँगै जानु वेश हुनेछ । स्थविरको मुख्य काम मलाई बर्मामा पुऱ्याएर बर्माका सम्बन्धित व्यक्तिहरूको सिफारिसमा एउटा अनगारिकाराममा बसेर बुद्ध-धर्मको अध्ययन गर्न पाउने व्यवस्था मिलाइदिनु मात्र हो । म स्वयम् बर्मामा पुगेमा उहाँले उक्त काम सम्बन्धित व्यक्तिहरूको नाममा पत्र मात्र लेखेर पनि गर्नुसक्नु हुनेछ । यसो गर्दा लठ्ठी पनि नभाँच्ने साँप पनि भाग्ने भने झैं मेरो बुद्ध-धर्म पढ्ने इच्छा पनि पूर्ति हुने र यसको लागि स्थविरलाई दुःख दिनु पनि नपर्ने हुनेछ ।"

– "हो, यो पञ्जाबीहरूसित बर्मासम्म पैदल जानु नै उचित हुनेछ । यी पञ्जाबीहरू खराब नियतका मानिसहरू होइनन् । केही दिन देखि मैले यस पञ्जाबीका परिवारलाई देख्दैछु । यिनीहरू सभ्य र भलादमी नै देखिन्छन् । मैले अब चुपलागेर बस्नुहुँदैन । यिनीहरूलाई परिवार सहित जान लगाएर यिनीहरूसितै जानलाई आवश्यक व्यवस्था मिलाउनुपर्छ । हो यही एकमात्र उपाय छ ।"

उपरोक्तानुसार सोच्न पुगेकी धम्मवतीले एक्कासी गएर ती पञ्जाबीहरूसित यसरी कुरा गर्न

जमर्को गरी– "पैदल हिडेर बर्मा जाने सम्बन्धमा दाइहरू बीचमा भइरहेको कुरो सबै मैले सुनेको छु। मेरो विचारमा, यसरी चाहेर पनि तुरन्त आउन-जान नसक्ने अवस्थामा परिवार सहित बर्मा जानुभएमा नै दाइहरूको कल्याण हुनेछ। केही दिनको यात्रामा अलि दुःख सहनु परे पनि त्यसपछि त सपरिवार सुखसित एकसाथ रहन पाउनु हुनेछ।

म पनि दाइहरू झैं पैदल हिडेर बर्मा जाने विचारमा छु। दाइहरू परिवार सहित जाने भएमा म पनि तपाईंहरू सितै बर्मासम्म जाने छु।"

बंगाली विहारमा बस्दै आएको पञ्जाबीले पनि धम्मवतीलाई देख्दै आएको थियो। तर धम्मवती पनि बर्मा जानलाई कलकत्ता आएकी थिई र ऊ यसरी एक्कासी कुरा गर्न आउली भन्ने कुरा त्यो पञ्जाबीले कहिले पनि नचिताएको भएकाले धम्मवतीको कुरा सुनेर उसले तीन छक्क खायो। उसले धम्मवतीसित यसरी आश्चर्य व्यक्त गऱ्यो– "बहिनीले हामीहरूको सबै कुरो सुनेकी रहिछ्यौ त पैदल बर्मा जानु कति कठिन छ भन्ने कुरो पनि त राम्रै थाहा पाएकी हौली। त्यस्तो दुष्कर बाटोमा हिडेर जाने विचार किन गरेकी बहिनीले ?

त्यो अति दुर्गम र खतरायुक्त बाटोमा हिंड्न हामी त जीविकाको लागि बाध्य थियौं। त्यसैले मात्रै हामी ज्यानको बाजि लगाएर पनि जान लागेका हौं। तर बहिनी ... ... बहिनी त एक जना विदेशी भिक्षुणी जस्तो छ। बहिनीलाई बर्मा जानमा त्यस्तो आत्तुर किन परेको छ ?"

"जीविकाको लागि नभए पनि म पनि बर्मा जान अति नै आत्तुर छु। त्यसैले मैले जसरी भए पनि पैदल बर्मा गइहाल्नु परेको छ। म खालि साथी नपाएर मात्र यहाँ अलमलिरहेको छु। तपाईहरू सपरिवार जाने भएमा मलाई थाहा दिनुहोला। म पनि तपाईंहरू साथै आउनेछु।"

धम्मवतीको कुरोले अर्कोचाहिं पञ्जाबीलाई पनि कम चकित पारेको त थिएन। तर त्यो चाहिं पञ्जाबी धम्मवतीको बर्मा जाने आत्तुरी बारे थाहा पाउन उत्सुक हुनु भन्दा बढी आफूहरू कसरी पैदल बर्मा जाने भन्ने सम्बन्धमा निधो गर्नमा चिन्तित थियो। त्यसैले उसले कुरा छोत्याउने प्रयत्न गऱ्यो– "ठीक छ। हामी परिवार सहित पैदल जाने भएमा बहिनीलाई पछि थाहा दिनेछौं।"

नचिनेका विदेशी लोग्ने मानिसहरूसित त्यति भन्दा बढी कुरा गरिरहनु ठीक नदेखिएकाले बाँकी अरू कुरो पछि त्यस बंगाली विहारमा बसिरहेको पञ्जाबीकी श्रीमतीसँग विस्तृत रूपमा गर्ने विचारले धम्मवती तत्काल त्यहाँबाट हटेर आई।

पछिल्लो दिन दिउँसोतिर बंगाली विहारमा बसि रहेकी पञ्जाबीको स्वास्नी धम्मवतीसँग भेटी विस्तृत कुरा गर्न आई। ती पञ्जाबीहरू सबै सपरिवार पैदल हिंडेर बर्मा जाने निर्णयमा पुगेका थिए। त्यसरी पैदल हिडेर बर्मा जाने पञ्जाबीहरू जम्मा तीन परिवारका गरी ११ जना थिए। धम्मवतीसँग विस्तृत कुरा गर्न आउने पञ्जाबीनी सहृदयकी, भलादमी आइमाई थिई। उसले अनेक तरिकाले धम्मवतीलाई त्यसरी हतारिएर पैदल बर्मा जाने विचार त्यागी पछि पासपोर्ट बनिसकेपछि पानीजहाज या हवाईजहाजबाट मात्र बर्मा जाने सल्लाह दिई। तर उसको त्यस्तो भलादमीपन देखी प्रभावित भएकी धम्मवती झन उनीहरूसँगै पैदल बर्मा जानमा नै जिद्दी गर्न थाली। अन्तमा आफूले जसरी सम्झाउँदा पनि नमानेपछि त्यस पञ्जाबीनी धम्मवतीलाई आफूहरू साथै लैजानमा बाध्य भई।

ती पञ्जाबीहरू दुई दिन पछि नै कलकत्ताबाट आसामतिर हिडिहाल्ने भएका थिए। त्यसैले त्यस पञ्जाबीनीले स्थविर धम्मावुधलाई भनेर धम्मवतीले बर्मामा पुगेपछि सम्पर्क राख्नुपर्ने मानिसहरूलाई आवश्यक सबै व्यहोरा स्पष्टसँग सम्झाएर चिठ्ठी लेखाइ माग्नु पर्ने सल्लाह दिई। त्यसरी आवश्यक पत्र, सरसामान आदि सबै ठीक गरी पैदल बर्मा जान तयार भइराख्न सम्झाएर त्यो पञ्जाबीनी बिदावारी भएर गई।

पञ्जाबीनीसँग सबै कुरो तय गरिसकेकी धम्मवतीले उक्त खुसीको कुरो स्थविरलाई तत्कालै थाहा दिने निधो गरी। त्यो दिन साँझतिर स्थविर फर्कने बित्तिकै धम्मवती स्थविरहरू बस्ने कोठामा गएर बर्मी स्थविर र बंगाली स्थविर दुबै जनालाई वन्दना गरी एक छेउमा बसी। स्थविर धमावुधले धम्मवतीसँग त्यहाँ आउनाको कारण सोध्नु भएपछि धम्मवतीले पञ्जाबीनीसँग तय गरेका सबै कुरा बयान गरी सुनाई। धम्मवतीको अल्लारे बुद्धि र अपरिपक्व व्यवहार देखेर स्थविर धम्मावुध रूनु नि हाँस्नु अवस्थामा पर्नुभयो।

*(क्रमशः अर्को अङ्कमा)*



# किंदद सूत्रया छगू अध्ययन

✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

**पृष्ठभूमिः**

भगवान बुद्धं पिन्यादँ तक्क कना बिज्याना तःगु धर्मया मुख्य खँत फुक्कं त्रिपिटकय् मुना तःगु दु। उकी सुत्तपिटक, विनयपिटक व अभिधम्मपिटक धका स्वंगू पिटक दु। सुत्तपिटकया दुने नं न्यागू निकाय कथं दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, अंगुत्तरनिकाय व खुद्दकनिकाय दुथ्याना च्वंगु दु। त्रिपिटकय् वया च्वंगु मूल शब्द, व्याकरण, विषयवस्तु घटनायात स्पष्टिकरणयाये नितिं पिटकया अट्ठकथात रचना जुल। अट्ठकथा रचनाया मुख्य देन महान अट्ठकथाचार्य भदन्त बुद्धघोष, भिक्षु धर्मपाल व भिक्षु बुद्धदत्तपिं खः। उगु ग्रन्थत फुक्क हे पालि भाषा व रोमन भाषासं सफुया रुपय् प्रकाशित जुई धुंकूगु दु। विभिन्न देशय्नं त्रिपिटक नापं अट्ठकथा पालिया अनुवाद थःथःगु भाषं प्रकाशित जुयाच्वंगु दु। नेपालय् नं मूल त्रिपिटकया अनुवाद व प्रकाशन नं लगभग सिधे धुंकूगु दु। थ्व सकल नेपामीया लागि लय्ताःया खँ खः।

**सूत्रया म्हसीकाः**

संयुत्तनिकायया न्यागुगू वग्ग मध्ये न्हापांगु सगाथावग्गसंयुत्तपालिया दुने दुगु देवतासंयुत्तं अदित्तवग्गया निपुगु सूत्र किंदद सूत्र खः। किंदद सूत्र चिहाकःगु सूत्र जुया नं अर्थपूर्ण व ब्वने वहःगु सूत्र खः। किंदद (छु बिइवं ?) धकाः न्ह्यसः व लिसःया रूपय् थुगु सूत्र वयाच्वंगु दु। उगु न्ह्यसः छम्ह देवतां भगवान् बुद्धयाथाय् वयाः प्रार्थना याः वःगु व उकियागु पत्याहाकलं हे लिसः बिया बिज्याःगु खँ खः। पालि गाथा व अर्थ –

**"किंददो बलदो होति, किंददो होति वण्णदो।**
**किंददो सुखदो होति, किंददो होति चक्खुदो।**
**को च सब्बददो होति, तं मे अक्खाहि पुच्छितो"ति ॥**

अर्थ- "छु बिइवं बलशक्ति ब्यूगु जुइ ? छु ब्यूम्हसिनं वर्ण ब्यूगु जुइ ?

छु ब्यूम्हसिनं सुख ब्यूगु जुइ ? छु ब्यूम्हसिनं मिखा ब्यूगु जुइ ?

सुनां सकतां ब्यूगु जुइ ? जिं न्यना च्वना, लिसः बिया बिज्याहुँ।"

**"अन्नदो बलदो होति, वत्थदो होति वण्णदो।**
**यानदो सुखदो होति, दीपदो होति चक्खुदो ॥"**

अर्थ- "अन्न बिइवं बल ब्यूगु जुइ, वस्त्र ब्यूम्हसिनं वर्ण ब्यूगु जुइ।

वाहन ब्यूम्हसिनं सुख ब्यूगु जुइ, मत (प्रदीप) ब्यूम्हसिनं मिखा ब्यूगु जुइ ॥"

**"सो च सब्बददो होति, यो ददाति उपस्सयं**
**अमतं ददो च सो होति, यो धम्ममनुसासती"ति ॥**

अर्थ- "अले, उम्ह सकतां ब्यूम्ह धयाम्ह हे गुम्हसिनं आश्रय(आवास) ब्यूगु जुइ।

अले, अमृत ब्यूम्ह ला व तिनि जुइ, गुम्हसिनं धर्मया अनुशासन (उपदेश) बिई।

बुद्ध, धर्म, संघ, कर्म व कर्म फलय् विश्वास नापं सश्रद्धा तयाः थःम्हं धार्मिक पूर्वकं कमय् याना तःगु धन सम्पत्ति शीलवान् व्यक्तिपिन्त बिइगु चलन न्हापा निसें हे नेपालय् खने दु। झी श्रद्धालु उपासक उपासिकापिंसं दानया महिमा वा आनिशंसया बारे ला यक्वं उपदेश न्यनाः ब्वनातःगु दु। झीसं थनथाय् छकः विचा याये माःगु खने दु। झीसं अनेक प्रकारका दान याये वहःगु चिज वस्तु त्याग यानाच्वंगु दु। चतुप्रत्ययद्वारा शासन चिरस्थायी यायत थःम्हं फुफु किसिमं पुण्य सञ्चय यानाच्वंगु दु। तर व दान कार्य यानाः झीसं छु ब्यूगु जूवनी धकाः मसिया च्वनेफु। उकी देवतां न्यंगु न्ह्यस्ः लय् अन्न वा भोजन दान यात धाःसा बलशक्ति दान बिउगु, चीवर व वस्त्र दान बिईवं रूप वर्ण दान बिउगु,

वाहन दान बिईवं सुख बिउगु व प्रदीप दान बिईवं मिखा दान बिउगु जुई । अले आवास वा आश्रय दान बिल धाःसा थ्व फुक्क दान बिउगु सरह जुइ । उलि जक मखु गुम्हेस्यां धर्म उपदेश बिइ वं अमृत बिउगु जूवनी धकाः क्यनातःगु दु ।

**अर्थकथाय् किंदद सूत्रया वर्णनः**

**अन्नदो** धकाः गुपिं अतिबलवानपिंसंनं निछाः स्वछाः जा मनल धाःसा दनेत हे थाकुयाच्वनी । नसा नया बिल धाय्‌वं बलशक्ति मदुम्ह दुर्बल व्यक्ति नं बलशक्ति सम्पन्न जुयावइ । उकीं "**अन्नदो बलदो**" धका नसा बिइवं बलशक्ति ब्यूगु जुवनी धकाः धाःगु जुल । **वत्थदो** धकाः गुपिं बाँलागु रूप दया नं बाँमलाःगु लँ पुना तल धासा, स्वये हे यैपुसे मच्वंगु, विरुप दुर्दशा खने दयाच्वनी । तर वस्त्र पुना तल धाःसा देवपुत्र थेँहे शोभायमान जुयाच्वनी । उकी "**वत्थदो होति वण्णदो**" धका पुनेगु वस्त्र बिल धाःसा रूपवर्ण ब्यूगु जूवनी धकाः धयातःगु खः । **यानदो** धकाः किसि वाहन आदिया दातापिं । उपिं मध्ये किसि, सल, रथ वाहनं यात्रा यायेगु श्रमणयात स्वीकार याये वहः मजू । शील मस्यंक रक्षाया नितिं थ्व वाहन श्रमणयात स्वीकार याये वहः जू । वथें तुं हे कुसा तुतां, खाटकुर्सीया दाता, लँ सफा यायेगु, स्वाने दयेका बिइगु, तां दयेकेगु, डुंगा तयार याना बिइगु फुक्क हे वाहन दान ब्यूगु जूवनी । **सुखदो होतीति** धकाः वाहनपाखें सुख हयाबिइगु जुयाः **सुखदो** नाँ जूवन । **चक्खुदो** धकाः अन्धकारय् मिखादुपिंसं नं रूपयात खंका काय् मफु । थ्व हे प्रदीपयात मिखा ब्यूगु धकाः धाःगु जुल । भिक्षु अनुरुद्ध स्थविर थें दिव्यचक्षु सम्पत्तिः लाभ जुई ।

**सब्बददो होति** धकाः बलआदि सकतां हे ब्यूम्ह दाता जूवनी । निथाय् स्वथाय् गामय् भोजनया नितिं चारिका यानाः छुं हे प्राप्त मजूसा नं सिचुकेतः पुखुली मोल्हुयाः थःगु थासे दुहाँ वनाः पलख खाताय् ग्वतुला दनाः फ्यतुल धाःसा धाःथे हे शारीरिक बल तया ब्यूगु थे जूवनी । पिने विचरण यायेबलय् शरीरया वर्ण आयतनय् निभाः व फय्‌या कारण पुनाच्वनी, थःगु थासय् दुहावनाः खापा ग्वयाः पलखः गोतुल धाःसा प्रतिकूल धर्म (नीवरण) शान्त जुई, अनुकूल धर्म वृद्धि जुया वई, वर्ण आयतनयात हयाः तया बिउगु थेँ जुई । पिने विचरण याइ पिन्त तुती कथं कइ, सिमा खोटानं प्रहार जुइ, छाती चुया जुइपिं पाखे भय उत्पन्न जुइ, खुँ या भय उत्पन्न जुइ, थःगु थासे दुहाँवनाः खापा ग्वल धाःसा फुक्कं थुपिं खतरा जुइमखु । धर्मया पाठ अध्ययन यानाः धर्म प्रीति सुख व कर्मस्थानयात मनन याना उपेक्षा भाव (निर्वाण) सुख उत्पन्न जुइ । वथें हे पिने विचरण याना जुइपिन्त खाट, मेच आदि प्रकट जुइ मखु, चःति पिहाँ वइ, मिखाः फरफर जुइ, लासाय् वनिगु क्षणय् ब्वंगाचाय् क्वाहाः वं थे जुइ । पलख जक फ्यतुना च्वम्हेसित मिखाःय् प्रसाद हया बिगु थे लुखा खापा, झ्याः, खाता व मेच आदिप्रकट जुइ । उकी "सो च सब्बददो होति, यो ददाति उपस्सय"न्ति धकाः उम्ह मनूनं फुक्क दान ब्यूगु जुवनी, गुम्हेसिनं आवास वा आश्रय ब्यूगु जुइ धका धया तःगु खः ।

**अमतंददो च सो होति** धका प्रणीतगु भोजन पात्रय् जायेका बिलः धाःसा अमरणदान ब्यूगु सरह जुइ । **यो धम्मानुसासति** धकाः गुम्हेसिनं धर्म अनुशासन वा ओवाद बिइ, अट्ठकथा कनी, पालिं ब्वनी, न्यंगु न्ह्यसःयात लिसः बिई, कर्मस्थानयात कनी, धर्मया खँ न्यनी, थुपिं फुक्कं धर्म अनुशासनया हे नाँ खः । फुक्कं दान मध्ये थ्व धर्म दान हे अग्र धका सीका ते वहः जू । उकी थथे नं धया तःगु दु ।

**"सब्बदानं धम्मदानं जिनाति, सब्बरसं धम्मरसं जिनाति ।**
**सब्बरतिं धम्मरति जिनाति, तण्हक्खयो सब्बदुक्खं जिनाती"ति ॥** (ध.प.३५४)

अर्थ- फुक्कं दानयात धर्मदानं त्याकी, फुक्कं रसयात धर्मरसं त्याकी ।

फुक्कं रतियात धर्मरति त्याकी, तृष्णा क्षय जुलकि फुक्क दुःखयात त्याकी ।

**निष्कर्षः**

थुगु सूत्र पत्याहाकं जुसाः नं ग्यसुलागु न्ह्यसः व लिसःया रूपय् वयाच्वंगु खनेदु । झीसं श्रद्धा तयाः अनेक प्रकारं भन्ते गुरुमांपिन्त दानप्रदान यानाच्वनी तर उपिं दान बियाः दान काइम्ह सितः छु ब्यूगु थें जुइ धका सूत्रय् बाँलाक हे क्यनातःगु दु । आवास वा आश्रय बिल धाःसा बल, वर्ण व सुख सकतां दान ब्यूगु जुवनी धका स्पष्ट

रुपं दसु बियाः क्यनातःगु दु । अथे हे धर्म मस्यूम्हेसित धर्मया खँ कनाः, खँलाबला यानाः, थःम्हं नं परियत्ति अध्ययन अध्यापन नापं समथ व विपश्यना भावना आचरण यानाः धर्मयात थःके दयेका कनाच्वन धाःसा अमृत ब्यूगु सरह जुइ धकाः क्यना तःगु दु । उकी धर्म सयेके सीके फत धाःसा शरीर, वचन व मनयात संयमित यानाः पुण्य कार्य यायफई । अले तिनि उम्ह मनू नं सम्यकरूप मनं चिन्तना यायेगु, खँ ल्हायेगु व ज्या याये फइ । जीवनयात हे सार याना वने फैगु जुया हे धर्म दानयात अग्र स्थान बिया तःगु खः ।

भवतु सब्ब मङ्गलं । चिरं तिट्ठतु बुद्धसासनं ।

**सन्दर्भ ग्रन्थहरू:**

१) बज्राचार्य दुण्ड बहादुर, संयुत्तनिकाय(२०५५), वीर-पूर्ण पुस्तक संग्रहालय, गाबहाल ।

२) संयुत्तनिकाय अट्ठकथा, विपश्यना विशोधन विन्यास, इगतपुरी ।

३) पालि शब्दकोश APPS

## वनेमानि छकः सकलें



✍ नातीकाजी महर्जन
*पूच्व यल*

मदु वया थः थिति सुं नं, त्वते धुंकल हृदय रूप
दयनाच्वंम्ह थें च्वंक गोतुला च्वंगु दु व
मदु वया जहान परिवार मुक्त यानाबीम्ह वयात
मदु सुं लँजुवाः अन गाँया पिने वांछ्वया तल
दत निन्हु स्वन्हु वँच्चुसे च्वनाः यना वइन
तज्याइन अंग भंग उखें थुखें यानाः ध्यना बीथें
ज्वीतिनि झीपिं नं अथेहे धाय्मफु रागया बसे च्वंत्तले
तयामतः मृत्युलिपा थः नालाः थःगु छ्यैं परिवारं
वनी त्वःताः गृहत्याग यानाः वैरागं थाय् काई धकाः
तर जुइवं मृत्यु थ्यंकी दिपय् घौ निघौं लिपा नौ जुई
च्वनेमदु थ्व लोकय् सुंनं वनेहे मानि छन्हु
म्वानाच्वंत्तले सीहे म्वाःथें मब्यू मनय् थाय् बैराग्ययात
यानाः गुहाली व उपकार थःथिति परिवार सकलयात
अले वने दै झीपिं नं यानागु उपकारं भिंगु हे गती

## एहिपस्सिको बुद्ध विहार



✍ विद्याकुमारी बज्राचार्य

धर्म चिन्नु नै बुद्धलाई थाहा पाउँनु हो ।
धर्म वन्दना ६ वटामध्ये एका हो एहिपस्सिको ॥
मूर्ति पूजा भन्दा बुद्ध गुण स्मरण गर्नु राम्रो ।
प्रतिपत्ति पूजा नै पूजामध्ये एक हो महान् ।
आदि, मध्य र अन्तसम्म प्राणी कल्याण हो ।
त्यसमा प्रष्ट व्याख्या नै धर्मको एक ज्ञान हो ।
आर्य पुद्गलहरूले स्वयंले प्रत्यक्ष गर्ने कार्य हो ।
समय नबित्दै फलप्राप्त बुद्ध धर्मको ज्ञान हो ।
आऊ राम्ररी विचार गरी अवलोकन गर्नु ।
त्यस विषयको अनुभव गरी राम्ररी देखाउनु ज्ञान ।
एहिपस्सिको बुद्ध विहार एक ज्ञान गृह हो ।
लिन सकुन् यहाँबाट पवित्र, परिपक्व र पक्का बुद्ध धर्म ज्ञान ।
क्रमिक रूपले आर्यफलमा प्रतिष्ठित गराउने बुद्ध ज्ञान ।
यसमा निर्वाणसम्म पुगी बुद्धत्व प्राप्त धर्म ज्ञान ।
विद्वत्वले स्वयं भित्री हृदयले अनुभव गर्ने ज्ञानी ।
प्रत्यक्ष बोध गरी प्राप्त गर्ने धर्म ज्ञान ।
गर्न सके यहीं धर्म, यहीं बुद्ध, यहीं शास्ता, यही अर्हत्
धर्मका ज्ञान बुद्ध, यहीं विद्याचरण सुचरित्र निर्माण हाम्रो कर्त्तव्य ।

### बुद्ध सम्बन्धी केही रोचक जानकारीहरू

- सच्चा, लोला, अववादका र पटाचारा - यी चार निर्ग्रन्थ (=जैन दिदी बहिनीहरू अति घमण्डी थिए । उनीहरूलाई सारिपुत्रले वादविवादमा परास्त गरी भिक्षुणी बनाए ।

- भद्रा कुण्डल केशा (=जम्बू) पनि एक अभिमानी निर्ग्रन्थ विदुषी थिइन् । उनलाई पनि सारिपुत्रले धर्म सम्बादमा हराई भिक्षुणी बनाएका थिए । भद्रा कुण्डल केशाले गृहस्थी छँदा आफ्नै लोग्ने, जो सत्थुक नामको एक चोर थियो, लाई मारेकी थिइन् ।

*- साभारः बौद्ध दर्पण*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*बुदिं :*
बि.सं. १९९४
श्रावण २४ गते



*मदुगु दिं :*
बि.सं. २०७८
पौष ६ द्वितीया

# मदुम्ह मां गणेश कुमारी वज्राचार्य

सुथय् दनेवं सदां लुमंके बहःम्ह, जिमित अतिकं माया याना बिज्याईम्ह, छयैंया हामा जिमि मां गणेश कुमारी वज्राचार्य (सिख्वं मूबहाः, बसन्तपुर, भ्वःछ्यैं) मदुगु निदं दत । अनन्त गुणं सम्पन्नम्ह जिमि मांया निदंया पुण्य स्मृतिस वसपोलया सुखावती भूवनस बास लाय्मा धकाः कामना यानाच्वना ।

मां मदयाः जिमित दुःख जुयाच्वंगु इलय् बिचाः हाय्काः मैत्री तया बिज्याःपिं सकल थःथिति, जःला खःला पासाभाई व संघ संस्थाप्रति साधुवाद व्यक्त यासे कृतज्ञता देछानाच्वना ।

*काय्पिं – भमचापिं :*

**राजु वज्राचार्य – सानु वज्राचार्य**
**दिनेश वज्राचार्य – विमला वज्राचार्य**

*काय् छ्य्पिं :*

**निशा वज्राचार्य, निरोज वज्राचार्य, निकेश वज्राचार्य, निकिसा वज्राचार्य**

*म्ह्याय्पिं – जिलाजंपिं :*

**हेम कुमारी वज्राचार्य – सुरेन्द्रमानन्द वज्राचार्य**
**रीता मालाकार**

*म्ह्याय् छ्य् – भमचापिं :*

**सुजन – रबिना**
**सुरज –**
**सरोज – विनिता**

छुई : **रिजन**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



## **दिवंगत पूनदेवी शाक्य**, क्षेत्रपाटी

अनन्त गुणं सम्पन्न जिमि अजि दिवंगत **पूनदेवी शाक्य** लगायत मेपिं सकल पितृजनपिनि परलोक जीवन सुगतिमय जुयाः याकनहे निर्वाणया हेतु चूलाय्मा धकाः आशिका यासे पुण्यानुमोदन याना ।

भवतु सब्ब मंगलम् ।

**नोविद शाक्य व सकल परिवार**

क्षेत्रपाटी, यें ।



दिवंगत देवदाश मानन्धर
ठँहिटी, काठमाडौं

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

## दिवंगत देवदाश मानन्धर

*जन्मः ने.सं. १०७३ कछलागाः अष्टमी – दिवंगतः ने.सं. ११४३ कौलागाः अष्टमी*

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहका सदस्य सरोज मानन्धरका श्रीमान् **देवदाश मानन्धर**को सुगति सहित निर्वाण कामना गरी पुण्यानुमोदन गर्दछौं । साथै शोकाकुल परिवारले यस दुःखद् क्षणमा संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्यधारण गर्न सकुन् भनी कामना गर्दछौं ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूह**

श्रीघः, नःघ, काठमाडौं

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र.सं. | २०८० मंसिर | बुद्धपूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू |
|---|---|---|---|
| १ | १ गते, शुक्रवार, संक्रान्ति | क्षान्तिवती | क्षान्तिवती |
| २ | ४ गते, सोमवार अष्टमी | शुभवती | शुभवती |
| ३ | ११ गते, सोमवार, पूर्णिमा | त्यागवती | धम्मवती |
| ४ | १९ गते, मंगलवार | त्यागवती | त्यागवती |
| ५ | २६ गते, मंगलवार | खेमावती | केशावती |

# जहाँ मातापिताको बसोबास छ



✍ प्रेमलक्ष्मी तुलाधर
*नरदेवी*

माता पिताको सेवामा धर्म छ, आनन्द छ
हामी कहीं कतै जानु पर्दैन
मन्दिर पनि यहिं छ, देवधाम पनि यहिं छ।
जहाँ मातापिताको बसोबास छ।

पूजा-पाठ र ब्रत आदि कार्यमा मात्र भुलेर होइन
पूजाथाली हातमा बोकेर, ब्रत आदि भक्तिभाव गरेर मात्र होइन
देवता समान मातापितालाई आवश्यक सेवा गर्ने धाम पनि यहिं छ।

स्वर्गलोक खोज्न पर्दैन, देवलोकको आशा गर्न पर्दैन
स्वर्ग पनि यहिं छ, देवस्थल पनि यहिं छ
जहाँ मातापिताको सेवामा जीवन समर्पित छ

तीर्थ जान पर्दैन, अन्य पुण्य भूमी खोज्न पर्दैन
तीर्थ जल पनि यहिं छ, पुण्य सञ्चय गर्ने स्थान पनि यहिं छ।
सुमेरु पर्वत समान मातापिताको सेवा गर्ने तीर्थस्थल पनि यहिं छ।

## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

*क्र.सं. ९५९*

**श्याम मानन्धर**
हेपाली, काठमाडौं
रु. २०००/–



*पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु*
*पुण्य (कुशल कर्म) गर्दै जानु।*
*आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥*
*यही नै बुद्धको उपदेश हो।*

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4226625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस्।**

## धम्मवती धम्म प्रशिक्षण कार्यक्रम शुभारम्भ

*२०८० मंसिर १४ गते*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*
*प्रस्तुती- शुभवती गुरुमां*

धम्मवती धम्म प्रशिक्षण कार्यक्रम अन्तरगत यसदिन पहिलो कार्यक्रमको रूपमा विनयपिटक महावग्ग विषयमा प्रशिक्षण कक्षा शुभारम्भ गरियो ।

अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष धम्मवती गुरुमांको नामबाट स्थापना गरिएको उक्त कार्यक्रममा आशन ग्रहण पश्चात् यस कार्यक्रमको परिचय र स्वागत मन्तव्य अन्तर्राष्ट्रिय भिक्षुणी संघका सचिव ञाणवती गुरुमांले प्रस्तुत गर्नुभएको थियो ।

धम्मवती धम्म प्रशिक्षण कार्यक्रमका सह-संयोजिका डा. रीना तुलाधरले यस प्रशिक्षण कार्यक्रम कसरी सञ्चालन गर्ने भन्ने विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

यसदिनको कार्यक्रममा प्रशिक्षिका श्रद्धेय विमलञाणी गुरुमांले विनयपटिक महावग्ग विषय अन्तरगत कक्षा प्रारम्भ गर्नुहुँदै “महासन्धक बोधिकथाको प्रारम्भिक गाथा” विषयमा कक्षा सञ्चालन गर्नुभएको थियो ।

यस क्रमलाई निरन्तर अगाडि बढाउने सिलसिलामा प्रत्येक सोमवार अग्गञाणी गुरुमां र प्रत्येक बिहिवार विमलञाणी गुरुमांले VOOV APPS मार्फत बेलुका ८ बजे देखि ९ बजेसम्म कक्षा सञ्चालन गरिने जानकारी दिइयो ।

कार्यक्रममा कुशलञाणी गुरुमांले धन्यवाद ज्ञापन गर्नुभयो भने छलफल कार्यक्रम पनि सञ्चालन गरियो ।

कार्यक्रमको अन्त्यमा अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांले प्रव्रजित गुरुमांहरू एकआपसमा मेलमिलाप गरी बुद्ध शासनिक कार्य अगाडि बढाउन प्रेरणात्मक ओवाद दिनुभयो ।

यसदिनको कार्यक्रममा डा. रीना तुलाधरले जलपानको प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

## रामग्राम स्तुप क्षेत्र विकास र संरक्षणमा प्रधानमन्त्री



*आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै*
*प्रधानमन्त्री पुष्पकमल दाहाल*

*२०८० मंसिर २६ गते, मंगलवार । नवलपरासी*

लुम्बिनी विकास कोषको नेतृत्वमा रामग्राम नगरपालिका र द प्रोमिस ल्याण्ड नामक संस्थाको आयोजनामा सञ्चालित एक कार्यक्रममा प्रधानमन्त्री पुष्प कमल दाहालले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै रामग्राम स्तुप क्षेत्रको विकास संरक्षणका लागि गुरुयोजना कार्यान्वयन तर्फ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको समाचार छ ।

प्राप्त समाचार अनुसार मन्तव्य व्यक्त गर्ने क्रममा उहाँले रामग्राम स्तुप र उक्त क्षेत्रको विकास कार्यले यस क्षेत्रमा पर्यटकीय क्षेत्रको विकासमा टेवा पुग्ने कुराको चर्चा गर्नुभयो ।

स्मरणिय छ, रामग्राम स्तुप गौतम बुद्धको अस्थिधातु स्थापित महत्वपूर्ण ऐतिहासिक एवं धार्मिक महत्व बोकेको स्थल हो ।

उक्त कार्यक्रममा सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले तिलौराकोट, लुम्बिनी र रामग्राम स्तुपलाई समेटेर सरकारले बृहत्तर योजना अगाडि सारेको जानकारी दिनुभयो ।

यसरी नै कार्यक्रममा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनीलाई विश्वमा चिनाउने सक्दो प्रयास गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।



# साधुवादपत्र वितरण

*२०८० मंसिर २६ गते, मंगलवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषबाट आयोजित एक कार्यक्रममा धर्मकीर्ति विहार बिस्तारित भवन निर्माणको लागि आर्थिक सहयोगको रूपमा रु. ५०,०००/– वा सो भन्दा बढी रकम चन्दा दिनुहुने दाताहरूलाई साधुवादपत्र प्रदान गरिएको छ ।

धर्मकीर्ति संरक्षण कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको यस कार्यक्रममा कोषका सदस्य अगम्य रत्न कंसाकारले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

स्मरणिय छ, धर्मकीर्ति विहारको उत्तरतर्फ रहेको पुरानो भवन वडा नं. २८ कित्ता नं १८५ क्षेत्रफल ०-५-०-० (पाँच आना) जग्गा सहित दुईतल्ला भवन दिवंगत मणिहर्ष ज्योतिको तर्फबाट धर्मकीर्ति विहारलाई भोगचलन गराइराखेको थियो ।

दिवंगत दाता मणिहर्ष ज्योति कंसाकार र दिवंगत दाता केशरी लक्ष्मी कंसाकारको पुण्यस्मृतिमा उहाँहरूका सुपुत्रहरू पद्मज्योति कंसाकार, रूपज्योति कंसाकार लगायत छोरा बुहारीहरू मीरा ज्योति, वीणाज्योति र सुपुत्रीहरू प्रभा स्थापित, पूर्णशोभा तुलाधर लगायत कमला कंसाकार आदि सपरिवारबाट विहार प्रमुख श्रद्धेय धम्मवती गुरुमांलाई यस भवनको लालपूर्जा मिति २०७६ साल श्रावण ७ गते दान स्वरूप अर्पण गरिएको थियो ।

लालपूर्जा प्राप्त भइसकेपछि यस भवन पुनःनिर्माण गर्नका लागि काठमाडौं महानगरपालिकाबाट आर्थिक सहयोग प्राप्त गर्ने निर्णयानुसार तत्कालिन मेयर श्री विद्यासुन्दर शाक्य समक्ष यस प्रस्ताव पेश गरियो । सोही प्रस्ताव अनुसार काठमाडौं महानगर पालिकाको तर्फबाट ८५% र उपभोक्ता कमिटीबाट १५% रकम खर्च गरिने गरी भवन निर्माण गर्ने निर्णय का.म.पा.बाट भयो । यसरी धर्मकीर्ति विहारको बिस्तारित भवन निर्माणार्थ पटक-पटक गरी का.म.पा.बाट सहयोग प्राप्त भयो । यसरी नै १५% रकम सम्पूर्ण दाता द्रव्यमान सिंह तुलाधर, बसुन्धरा तुलाधर सपरिवारबाट सहयोग प्राप्त भएको थियो । यसको साथसाथै अन्य दाता उपासकोपासिकाहरूको तर्फबाट पनि आर्थिक सहयोग प्राप्त भएको कारणले पनि यस विस्तारित भवनको निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको थियो ।

यस भवन निर्माणार्थ रु. ५० हजार वा सो भन्दा बढी चन्दा रकम सहयोग गर्नुहुने दाता उपासकोपासिकाहरूलाई यसदिन धम्मवती गुरुमांबाट साधुवादपत्र प्रदान गरी धम्मवती गुरुमांको प्रतिमा मूर्ति पनि उपहार स्वरूप प्रदान गरियो ।

सो पश्चात् धम्मवती गुरुमांबाट ओवाद उपदेश दिनुभएपछि कोषका सदस्य मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो । त्यसपछि श्रद्धेय धम्मवती गुरुमांबाट नै पुण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गरिएको थियो ।

धर्मकीर्ति विहारको उत्तरतर्फको विस्तारित भवन निर्माणार्थ रु. ५०,०००/- वा सो भन्दा बढी चन्दा प्रदान गर्नुहुने दाताहरूको नामावली –

१) द्रव्यमान सिं (भाइराजा) तुलाधर, बसुन्धरा तुलाधर र सपरिवार, नक्साल, काठमाडौं -
रु. ७०,०४,०००/-
२) दि. बुबा कमल वीर सिं., मुमा आशाकुमारीको नाममा छोरा गगन वीर सिं र बुहारी ललिता कंसाकार सपरिवार - रु. ७,५०,०००/-
३) दि. बुबा हर्षमान शाक्य, दि. आमा हेराथकुं शाक्यहरूको नाममां धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष शासन धज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित भिक्षुणी धम्मवती गुरुमां, काठमाडौं - रु. ५,००,०००/-
४) दि. चिनी शोभा शाक्यको नाममां हेराकाजी शाक्य, हौगल, यल - रु. ५,००,०००/-
५) दि. बुबा भक्तिलाल श्रेष्ठ, दि. मुमा कृष्ण लक्ष्मी श्रेष्ठहरूको नाममां छोरा राजेश श्रेष्ठ, बुहारी रत्नशोभा सपरिवार, सितापाइला, काठमाडौं - रु. ५,००,०००/-
६) दि. चन्द्र शोभाको नाममां बुद्ध रत्न कंसाकार, ज्याठा, काठमाडौं - रु. २,०२,२००/-
७) स्वयम्भु वीरसिं कंसाकार, हित लक्ष्मी कंसाकार सपरिवार, पुतलिसडक, काठमाडौं - रु. २,००,०००/-
८) डा. महेश मान श्रेष्ठ, मोहिनी श्रेष्ठ,

छेत्रपाटी - रु. २,००,०००/-

९) कर्णदेवी तुलाधर भोजन पुचः, भोताहिती, काठमाडौं - रु. १,५०,१०५/-

१०) मोहन देवी थवही पुचः, काठमाडौं - रु. १,१३,१००/-

११) सिद्धार्थमान, सुमन कमल तुलाधर, लाजिम्पात - रु. १,१०,०००/-

१२) प्रकाश विरसिं तुलाधर, काठमाडौं - रु. १,०८,०००/-

१३) दि. नानी महर्जनको नाममा पुष्प महर्जन र सपरिवार, साखुना, काठमाडौं - रु. १,०१,०००/-

१४) सरस्वती तुलाधर, भोताहिती, काठमाडौं - रु. १,००,१००/-

१५) बुद्ध देवी मानन्धर र सपरिवार, कालिमाटी, काठमाडौं - रु. १,००,००५/-

१६) दि. तिर्थ सिं र दि. कृष्णकुमारीको नाममा दाता सुभद्रा सिं र केशरी सिं, काठमाडौं - रु. १,००,०००/-

१७) अशोक रत्न, चुनुशोभा बज्राचार्य, ढलको, काठमाडौं - रु. १,००,०००/-

१८) दि. मंगल सिद्धिको नाममा राधिका देवी मानन्धर, लायकूसाः, काठमाडौं - रु. १,००,०००/-

१९) दि. काय् रजनिशको नाममा कीर्ति तुलाधर, काठमाडौं - रु. १,००,०००/-

२०) लक्ष्मी दास मानन्धर, सपरिवार, थहिती, काठमाडौं - रु. १,००,०००/-

२१) दि. निल मान सिंको नाममा पूर्ण हिरा तुलाधर सपरिवार, त्यंग, काठमाडौं - रु. १,००,०००/-

२२) दि. मुमा र बुबाको नाममा राष्ट्र मान तुलाधर, ठमेल, काठमाडौं - रु. १,००,०००/-

२३) अष्ट नारायण, नानी छोरी महर्जन, ठमेल, काठमाडौं - रु. १,००,०००/-

२४) दि. बुबा पूर्ण मान शिल्पकारको नाममा छोरी डा. रश्मी शिल्पकार, काठमाडौं - रु. १,००,०००/-

२५) दि. पञ्च मुनी बज्राचार्यको नाममा छोरी इन्द्रावती गुरुमां, धर्मकीर्ति विहार, श्रीघ, काठमाडौं - रु. १,००,०००/-

२६) दिनेश रत्न बज्राचार्य, मिनु बज्राचार्य, महाराजगञ्ज, काठमाडौं - रु. ८५,००५/-

२७) प्रतिमा मानन्धर, छेत्रपाटी पुचः, काठमाडौं - रु. ७२,१२०/-

२८) दि. बुबा गोरे, मुमा रत्नदेवीहरूको नाममा उद्योग रत्न तुलाधर र सपरिवार, बनस्थली, काठमाडौं - रु. ६५,०००/-

२९) शरण लक्षी कंसाकार, काठमाडौं - रु. ६०,००५/-

३०) पूर्ण हीरा पुचः, धर्मकीर्ति विहार, काठमाडौं - रु. ६०,०००/-

३१) दुर्गा खड्गी पुचः, चसान, काठमाडौं - रु. ६०,०००/-

३२) सीता तिवारी, रङ्गुन, बर्मा - रु. ६०,०००/-

३३) स्व. बुबा आशा महर्जन, मुमा प्राण माया महर्जनको नाममा, काठमाडौं - रु. ५५,५५५/-

३४) दि. इन्द्र मान महर्जनको नाममा नानी हेरा सपरिवार, थँवही, काठमाडौं - रु. ५५,५५५/-

३५) दि. बुबा, दि. मुमाको नाममा गौतमवीर ताम्राकार, ताहाचल, काठमाडौं - रु. ५५,५५५/-

३६) लक्ष्मी मिश्र, कुलेश्वर, काठमाडौं - रु. ५५,००५/-

३७) हेरा देवी तुलाधर, भोताहिटी, काठमाडौं - रु. ५५,०००/-

३८) दि. मुमा, दि. बुबाहरूको नाममा राम प्रसाद, सुचिता शाक्य खनाल, कुपण्डोल - रु. ५५,०००/-

३९) कृष्ण देवी, विमला देवी, पद्म मानन्धर, त्रिपुरेश्वर, काठमाडौं - रु. ५३,०००/-

४०) सर्वज्ञ रत्न, चन्द्र देवी कंसाकार, जनवहाः, काठमाडौं - रु. ५१,०००/-

४१) मुकुन्द विष्ट - रु. ५१,०००/-

४२) प्रा. डा. श्याम रत्नको नाममा लक्ष्मी सुन्दरी शाक्य, श्रीघः, काठमाडौं - रु. ५०,५५५/-

४३) दि. आशा मदुको नाममा नानी मैया महर्जन र सपरिवार, काठमाडौं - रु. ५०,५५५/-

४४) वीर्यवती गुरुमां, द्वितीया पुचः, धर्मकीर्ति विहार, काठमाडौं - रु. ५०,५५५/-

४५) रब्बु स्थापित, न्हूवहा, काठमाडौं - रु. ५०,५०१/-

४६) माणिक रत्न तुलाधर, तिर्थ तारा तुलाधर, कालिकास्थान, काठमाडौं - रु. ५०,५००/-

४७) दि. मुमा पञ्च माया खड्गीको नाममा छोरी केशावती खड्गी, काठमाडौं - रु. ५०,५००/-

४८) दान माया महर्जन, कमलाछी, काठमाडौं - रु. ५०,५००/-

४९) दि. श्रीमान् अशोक रत्नको नाममा पद्म तारा स्थापित, नयाँ सडक - रु. ५०,१५५/-

५०) सचिन तुलाधर, एन्जिला स्थापित, ज्याथा, काठमाडौं - रु. ५०,१५५/-

५१) सुमित तुलाधर, एलिशा स्थापित, ओमबाहाल, काठमाडौं - रु. ५०,१५५/-

५२) दि. मुमा, दि. बुबाहरूको नाममा पवित्र भक्त, सुधा मानन्धर, मरु, काठमाडौं - रु. ५०,१२५/-

५३) दि. हरिहर मान नकर्मीको नाममा मञ्जुला नकर्मी, बाँसबारी, काठमाडौं - रु. ५०,१०५/-
५४) दि. श्रीमान् निल रत्नको नाममा श्रीमती शुवर्ण लक्ष्मी तुलाधर, न्हायकँत्वा, काठमाडौं - रु. ५०,०७५/-
५५) नन्द कुमारी बज्राचार्य, चःमती, काठमाडौं - रु. ५०,०५०/-
५६) दि. जीत नारायणको नाममा धन माया महर्जन, थँवही, काठमाडौं - रु. ५०,०५०/-
५७) दि. चिनी शोभा स्थापितको नाममा निल शोभा तुलाधर, पुलचोक, यल - रु. ५०,०२५/-
५८) बेखानारां, बेखामाया महर्जन, ठवही, काठमाडौं - रु. ५०,००५/-
५९) दि. बुबा, दि. मुमाको नाममा खेमावती भिक्षुणी, धर्मकीर्ति विहार, काठमाडौं - रु. ५०,००५/-
६०) लक्ष्मी देवी, सूर्य देवी शाक्य, नघः, काठमाडौं - रु. ५०,०००/-
६१) बाल देवी, नील देवी शाक्य, नघः, काठमाडौं - रु. ५०,०००/-
६२) सानुमैंया बज्राचार्य, विशाल नगर, काठमाडौं - रु. ५०,०००/-
६३) अष्ट नारायणको नाममा चिरमैं महर्जन, भोतेवाः काठमाडौं - रु. ५०,०००/-
६४) दि. झ्यापु माया महर्जनको नाममा बेखा नारायण महर्जन, लाजिम्पात, काठमाडौं - रु. ५०,०००/-
६५) चम्पा पुचः, त्यौड, काठमाडौं - रु. ५०,०००/-
६६) दि. मुमा, दि. बुबाको नाममा तारा, पुनु महर्जन, त्यौड, काठमाडौं - रु. ५०,०००/-
६७) मचा काजी महर्जन, लक्ष्मी महर्जन, बनस्थली, काठमाडौं - रु. ५०,०००/-
६८) दि. मुमा, दि. बुबाको नाममा अजय, विजय तुलाधर, ताहाचल, काठमाडौं - रु. ५०,०००/-
६९) ज्ञानी महर्जन, घट्टेकुलो, गल्ली - रु. ५०,०००/-
७०) पद्म रत्न, रञ्जना तुलाधर, महाराजगञ्ज, काठमाडौं - रु. ५०,०००/-
७१) सुमना महर्जन, कालधारा, काठमाडौं - रु. ५०,०००/-
७२) गौतम कृष्ण, कीर्ति बनिया, कालिमाटी, काठमाडौं - रु. ५०,०००/-
७३) दि. सानु काजी स्थापितको नाममा सुभद्रा स्थापित, इन्द्रचोक - रु. ५०,०००/-
७४) दि. पुष्प रत्न तुलाधरको नाममा सावित्री तुलाधर, कोटेश्वर, काठमाडौं - रु. ५०,०००/-
७५) दि. सुवर्ण लाल श्रेष्ठ, दि. अनिल श्रेष्ठको नाममा विष्णु देवी, काठमाडौं - रु. ५०,०००/-
७६) हिरा, पन्ना शाक्य, टेकु, काठमाडौं - रु. ५०,०००/-
७७) दि. मोती महर्जनको नाममा सीता महर्जन, लाजिम्पाट, काठमाडौं - रु. ५०,०००/-
७८) दि. आशा नारायणको नाममा दान माया महर्जन सपरिवार, बनस्थली, काठमाडौं - रु. ५०,०००/-
७९) दि. मुमा, दि. बुबाहरूको नाममा वशु माया महर्जन, बहटी, काठमाडौं - रु. ५०,०००/-
८०) डा. किरण मानन्धर, डा. तारा मानन्धर, टेकु, काठमाडौं - रु. ५०,०००/-
८१) डा. माधवी, आकाश मानन्धर, टेकु, काठमाडौं - रु. ५०,०००/-
८२) दि. हरि नारायण महर्जनको नाममा गौतम महर्जन, क्षेत्रपाटी, काठमाडौं - रु. ५०,०००/-
८३) दि. सानु नानी महर्जनया नामं गौतम महर्जन, क्षेत्रपाटी, काठमाडौं - रु. ५०,०००/-
८४) दि. पद्म नारायण महर्जनको नाममा गौतम महर्जन, क्षेत्रपाटी, काठमाडौं - रु. ५०,०००/-
८५) दि. रत्नदेवी महर्जनको नाममा गौतम महर्जन, क्षेत्रपाटी, काठमाडौं - रु. ५०,०००/-
८६) दि. रवि महर्जनको नाममा गौतम महर्जन, क्षेत्रपाटी, काठमाडौं - रु. ५०,०००/-
८७) दि. नबिन महर्जनको नाममा गौतम महर्जन, क्षेत्रपाटी, काठमाडौं - रु. ५०,०००/-
८८) दि. आशा काजी महर्जनको नाममा रत्न माया महर्जन, त्यौड, काठमाडौं - रु. ५०,०००/-
८९) दि. रमेश तुलाधरको नाममा रत्न शोभा तुलाधर, काठमाडौं - रु. ५०,०००/-
९०) लक्ष्मी नानी, न्यत पुचः, धर्मकीर्ति विहार, काठमाडौं - रु. ५०,०००/-
९१) उर्मिला मानन्धर, कालिमाटी, काठमाडौं - रु. ५०,०००/-
९२) दि. मुमा र दि. बुबाको नाममा चन्द्रवति, पुर्ण महर्जन, काठमाडौं - रु. ५०,०००/-
९३) दि. जहान तिर्थमान ताम्राकारको नाममा जगत लक्ष्मी ताम्राकार, थँहिती, काठमाडौं - रु. ५०,०००/-
९४) जवनवती गुरुमां, धर्मकीर्ति विहार, काठमाडौं - रु. ५०,०००/-

## धर्मकीर्ति विहार परियत्ति केन्द्रबाट विद्यार्थीहरूलाई काभ्रे जिल्लामा अवस्थित नमोबुद्धमा शैक्षिक भ्रमण

*२०८० मंसिर ३० गते, शनिवार*
*स्थान- नमोबुद्ध, काभ्रे जिल्ला*

यसदिन धर्मकीर्ति विहार परियत्ति केन्द्रले परियत्ति शिक्षा अध्ययन गरिरहेका परियत्ति शिक्षाका विद्यार्थीहरूलाई काभ्रे जिल्लाको नमोबुद्धमा शैक्षिक भ्रमण गराइयो । श्रद्धेय धम्मवती गुरुमांको निर्देशनमा र केशावती गुरुमांको नेतृत्वमा सञ्चालित यस भ्रमणमा दुईवटा बसहरूबाट विद्यार्थीहरूलाई नमोबुद्ध भ्रमण गराइएको थियो ।

नमोबुद्ध चैत्य परिसरमा बुद्धपूजा, परित्राण पाठ र ध्यान गरी सञ्चालित उक्त कार्यक्रममा वीर्यवती गुरुमांबाट यस ऐतिहासिक एवं पवित्र स्थल नमोबुद्धको महत्व विषयमा परिचय दिनुहुँदै बोधिसत्व महासत्व राजकुमारले दान परमत्थ पारमिता पुऱ्याउनु भएको विषयमा धर्मदेशना गर्नुभएको थियो ।

धर्मदेशना पश्चात् सम्पूर्ण परियत्तिका विद्यार्थीहरूले गुरुमांहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए । कार्यक्रमको अन्त्यमा आफूले सञ्चय गरेका पुण्य आ-आफ्ना पितृजनहरूलाई पनि प्राप्त होस् भन्ने कामना गर्दै पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।

कार्यक्रममा सम्पूर्ण विद्यार्थीवर्गलाई जलपान र भोजन गराई महासत्व राजकुमारले आफ्नो शरीरको मासु काटी बच्चा पाएका अशक्त बघिनीलाई खुवाई उद्धार गरी दानपरमत्थ पारमिता पूरा गरिरहेको स्थानको भ्रमण गरियो । यसको साथै नमोबुद्ध परिसरमा निर्माण गरिएका विभिन्न बौद्ध गुम्वाहरूको पनि भ्रमण गरियो । अन्त्यमा नमोबुद्धबाट काठमाडौं फर्किने क्रममा नाला करुणामय दर्शन गरी काठमाडौं फर्किएको थियो ।


बुद्ध पूजा र परित्राण पाठ कार्यक्रममा सहभागी परियत्ति कक्षाका विद्यार्थीहरू लगायत उपासकोपासिकाहरू


बुद्ध पूजा र परित्राण पाठ श्रवण गर्नुहुँदै परियत्ति विद्यार्थीहरू लगायत उपासकोपासिकाहरू

## पुनः निर्मित धर्मकीर्ति विहारको २१ औं वार्षिक उत्सव

*२०८० मंसिर २६ गते, औंशी । स्थान- धर्मकीर्ति विहार*

यसदिन धर्मकीर्ति विहारको पुनः निर्मित भवनको २१ औं वार्षिक उत्सव सम्पन्न भयो । दाता द्रव्यमान सिंह, बसुन्धरा तुलाधर सपरिवारबाट धर्मकीर्ति विहारको दक्षिण मोहडाको भवन बि.सं. २०५९ सालमा पुनःनिर्माण सम्पन्न गरी पुण्य सञ्चय गर्नुभएका थिए । सोही वर्ष देखि हरेक वर्षमा यस नयाँ भवनको वार्षिकोत्सव मनाउँदै आइरहेको छ । यस वर्ष पनि विहारको वार्षिकोत्सवको उपलक्ष्यमा दाता परिवारबाट जलपान, भोजन दान एवं परित्राण पाठ पश्चात् उपस्थित गुरुमांहरूलाई यथा श्रद्धा दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा दिवंगत दाता द्रव्यमान सिंह तुलाधरको पुण्यस्मृतिमा उहाँका परिवारबाट पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

## चम्पावती स्मृति मेडिटेसन परिवारपाखें चाङ्गाथली बुद्ध विहारय् कथिनदान सम्पन्न

*२०८० मंसिर ५ गते, मंगलवार*

*(ने.सं. ११४४ कछलाथ्व, नवमी)*

*प्रस्तुती- लोचनतारा तुलाधर*

महालक्ष्मी न.पा.-७, चाङ्गाथली स्थित, चाङ्गाथली बुद्ध विहारय् श्रद्धेय भिक्षु पञ्ञासार महास्थविर व भिक्षु पवर स्वलातक नियमानुकूल वर्षावास पूवंका विज्याःगु लसताय् चम्पावती स्मृति मेडिटेसन परिवार पाखें कथिन चीवर दान यात ।

धर्मकीर्ति विहारय् छगू इलय् तसकं सक्रिय जुयादीम्ह थेरवाद बुद्धशासनयात चिरस्थायी यायेत आपालं योगदान याना दीम्ह दिवंगत उपासिका चम्पावती वनियाया नामं वयकःया काय्पिं, भौपिं, छ्यपिं, छ्इपिं मुनाः अनलाइन जूम मार्फत धर्म श्रवण व अभ्यास यायेत नीस्वना तःगु चम्पावती स्मृति मेडिटेसन परिवारपाखें थन कथिन उत्सव न्यायेकूगु खः ।

ज्याभ्वलय् सुथसिया ७ बजे चाङ्गाथली क्षेत्रय् धिमेवाजा सहित कथिन चीवर ज्वनाः पदयात्रा यानाःलि चाङ्गाथली बुद्ध विहारया हलय् सुमेध भन्ते, पञ्ञासार भन्ते सहित भिक्षु संघयात चम्पावती स्मृति मेडिटेसन परिवारया थकालीपिं दुजः चम्पावती अजिया काय् अष्टमानसिं वनियाया प्रमुखत्वय् कथिन चीवर लःल्हायेगु ज्या जुल । थाय्या अभावया कारणं विहार लिक्क च्वंगु चाँदनी बैंक्वेटय् मेगु समारोह न्ह्यात । उगु ज्याभ्वःस थाइलैण्डया भिक्षुपिं श्रीलंकाया कार्यवाहक राजदूत निलुसा डिलमिनि पिनि उपस्थिति दुगु खः । पञ्ञासार महास्थविरं न्ह्याका बिज्यागु उगु ज्याभ्वःस तपस्सीधम्म महास्थविरं बुद्ध पूजा न्ह्याका बिज्यातसा चाङ्गाथली बुद्ध विहारया अध्यक्ष बाबुराजा महर्जनं लसकुस न्वचू बियादिसे उगु विहारया परिचय न्ह्यथना दिल । अनंलि श्रीलंकाया कार्यवाहक राजदूत मय्जु निलुसा डिलमिनिपाखें नेपाली भाषां शुभकामना सन्देश बिया दिल । अनंलि नेपाःया च्याम्हम संघनायक भिक्षु बोधिसेन महास्थविरं कथिनदान बारे धर्मदेशना याना बिज्यात । दाता परिवारपाखें धर्मदेशना याना बिज्याम्ह भन्तेयात धर्मदान याना दिल । अनंलि चम्पावती स्मृति मेडिटेसनया दुजः चम्पावती अजिया छ्य् मीना तुलाधरपाखें सुभाय् न्वचू बिया दिल ।

ज्याभ्वःया लिपांगु इलय् दाता परिवार सहित मेपिं उपासकोपासिका पाखें अष्टपरिष्कार दान, दानप्रदान व भोजन दान जुल । अन्तय् चाङ्गाथली, बुद्ध विहारया अध्यक्ष बाबुराजा महर्जनं दाता परिवारया प्रतिनिधि कथं चम्पावती अजिया काय्पिं अष्टमानसिं बनिया व अमृत मानसिं बनियायात लुमन्ति पौ लःल्हाना दिल ।

### बुद्ध सम्वन्धी केही रोचक जानकारीहरू

- जंगलवासीहरूमा अग्रस्थान प्राप्त भिक्षु खदिर वनिय रेवत सारिपुत्रको भाइ थियो । उनी आफ्नो विवाहको जन्तीबाट भागेर गई भिक्षु बन्न गएका थिए ।
- राघ नामक ब्राह्मणले आफूलाई भिक्षु नबनाएकोमा आमरण अनसन गरेका थिए । पछि सारिपुत्रले उनलाई प्रव्रज्या दिए ।
- सारिपुत्रको शिष्य लोसक तिष्य भिक्षुले कहिलै भरपेट भोजन गर्न पाएको थिएन । निर्वाण हुन लागेको बेलामा एकपल्ट मात्रै उनले पेतभरी खान पायो । बुद्धकालमा सबभन्दा अलाभी भिक्षु उही थिए ।
- मौद्गल्यायन - भगवान्को दोश्रो प्रमुख शिष्य । ऋद्धिमा अग्रस्थान प्राप्त । आमा : मौग्गली । गृहस्थी नाम : कोलित । बासिन्दा : कोलित गाउँ, राजगृह ।
- विमला नामक एक वेश्या मौद्गल्यायनप्रति आकर्षित भई उहाँको कुटीमा समेत पुगेकी थिइन् । तर मौद्गल्यायनले उनलाई उपदेश दिई भिक्षुणी बनाए ।

*- साभारः बौद्ध दर्पण*

## निर्वाणमूर्ति विहारमा दिनभर मैत्री सूत्र पाठ



पुण्यानुमोदन विषयमा धर्मदेशना गर्नुहुँदै कुसुम गुरुमां

*२०८० मंसिर २५ गते, सोमवार*
*स्थान- निर्वाण मूर्ति किम्डोल विहार*

यसदिन निर्वाण मूर्ति किम्डोल विहारबाट आयोजित एक कार्यक्रममा प्रव्रजित गुरुमांहरूबाट दिनभर मैत्री सूत्रपाठ गरी पितृजनहरूको पुण्य स्मृतिमा सामूहिक पुण्यानुमोदन गरियो ।

डा. धम्मविजया गुरुमांको नेतृत्वमा सञ्चालित उक्त कार्यक्रममा कुसुम गुरुमांले मैत्री सूत्रको परिचय लगायत पुण्यानुमोदनको महत्व विषयमा धर्मदेशना गर्नुभएको थियो ।

आमन्त्रित गुरुमांहरू लगायत उपस्थित सम्पूर्ण उपासकोपासिकाहरूलाई जलपान भोजनको व्यवस्था मिलाइएको उक्त कार्यक्रमको अन्त्यमा विहार प्रमुख धम्मविजया गुरुमां लगायत अन्य गुरुमांहरू र उपासकोपासिका बाट पनि दान प्रदान गुरी पुण्य सञ्चय गर्नुभएको थियो ।



मैत्री सूत्र पाठ श्रवण गर्नुहुँदै उपासक उपासिकाहरू

## लोक वर्ग



*भावानुवाद* - **सत्यमोहन जोशी**

हीन धर्म सदां तोती प्रमादे मन छ्वे मते ।
तोती असत्य विश्वास, लोक वृद्धि व. याय् मते ॥१॥
धर्माचरण या भिंगु, तोता आलस्य नित्य दँ ।
सुख दै धर्मचारीया थ्व लोक परलोक सं ॥२॥
धर्माचरण या भिंगु, मभिंगु याय् मते गनं ।
सुख दै धर्मचारीया थ्व लोक व परलोक सं ॥३॥
मृग जल तथा पीजा स्वयेगुथेंतु लोकनं ।
स्वया च्वोंम्ह मनूयात मृत्युराजं खनी गन ? ॥४॥
लोक सो थ्व अहा ! मानो राज रथ विचित्रगु ।
थुकी आसक्त ज्वी मूर्ख ज्ञानीपिं तर ज्वी मखु ! ॥५॥
न्हापा भूले जुया, लिपा भूले मजूम्ह सज्जनं ।
याई निर्मल चन्द्रंथें लोकयात प्रकाशित ॥६॥
तोपुई पाप यानागु भिंगु कर्म सुनां फुक ।
सुपाचं मुक्त चन्दंथें याई संसार उज्ज्वल ! ॥७॥
अन्धकार थ्व संसार मिखां खंपिं म्हहे थन ।
जालं मुक्तम्ह पंक्षीथें स्वर्ग थ्योंपिं म्हहेथन ॥८॥
हत्र्त व्बै नभया मार्ग व्बै ऋद्धि बलवन्तपिं ।
सशैन्य मार त्याकूसा थ्यनी निर्वाण धीरपिं ॥९॥
नियम धैगु तोतूम्ह असत्य बाक्य ल्हाइम्हं ।
परलोके अश्रद्धाम्हं, यायफु सकल पाप वं ॥१०॥
देव लोक मथ्यों कंजूस्,
मयो सो दान मूर्खया ।
दान यो धीरया, तस्मात्
सुखी व परलोकया ॥११॥
याकचां राज्य पृथ्वीया
याय्गु स्वर्ग वनेगुनं ।
लाकेश ज्वीगु
सोयानं श्रोतापत्ति
महोत्तम ॥१२॥

# निर्वाणमूर्ति विहार किम्डोलमा दिनभर मैत्री सूत्र पाठ गर्नुहुँदै गुरुमांहरू













बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८०/०८१)

# साधुवाद !

*जन्म दिं :*
बि.सं. १९८८
कार्तिक ५ गते



*मदुगु दिं :*
बि.सं. २०७४
मंसिर २६ गते

## मदुम्ह मानकाजी शाक्य

धर्मकीर्ति पत्रिका वर्ष ४१, अङ्क ९ या रङ्गीन कभर पेज दिवंगत जुयादीम्ह **मानकाजी शाक्यया पुण्यस्मृतिस** वय्‌क:या परिवार दुज:पिसं धर्मदान यानादीगु ख: । धर्मदान याना: सञ्चय यानादीगु पुण्य शक्तिं मदुम्ह उपासक **मानकाजी शाक्य** लगायत फुक्कं पितृजन पिनिगु सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानागु जुल ।

अथेहे धर्मदान यानादीपिं दाता परिवारपिनि आयु आरोग्य व निरोगी कामना यासे वय्‌क:पिसं नं बुद्ध शिक्षायात अभ्यास यायां थथ:गु जीवन सफल याय्‌ फय्‌मा धका: कामना यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल ।

भवतु सब्ब मंगलम् ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:, यें ।

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com